# सञ्चय कोष न्यूजलेटर

(सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष)

ISSN: 3021-9353 Online

विशेष अङ्क वर्ष १२ अङ्क ४८ २०८१ भाद्र ३१


# कर्मचारी सञ्चय कोष ६३ औं वर्षमा प्रवेश

## कर्मचारी सञ्चय कोष संक्षिप्त झलक

**कुल स्रोत :**
रू. ५७१ अर्ब ३३ करोड

**कुल लगानी**
रू. ५५१ अर्ब ५३ करोड

**कोषमा आवद्ध सञ्चयकर्ता संख्या**
५ लाख ७५ हजार

**सामाजिक सुरक्षा रकम प्रदान**
रू. ५४ करोड २५ लाख

**कोषकट्टी रकममा प्रदान गरिएको ब्याजदर**
५.५० प्रतिशत

**शाखा कार्यालय संख्या**
८

**सेवा केन्द्र (सञ्चालनमा आउन लागेका २ वटा सहित) संख्या**
५

**कोषको कर्मचारी दरबन्दी**
५००



कर्मचारी सञ्चय कोषले आफ्नो दीर्घकालीन बचतलाई उद्योग, जलविद्युत, पर्यटन तथा सञ्चयकर्ताको आवासीय आवश्यकताका क्षेत्रमा लगानी अभिवृद्धि गर्ने छ भन्ने अपेक्षा गरेको छु ।

सम्माननीय प्रधानमन्त्री, केपी शर्मा ओली



कोषले विगतमा निर्वाह गरेको भूमिका एवम् भविष्यको सम्भावनाका आधारमा कोषप्रति सरोकारवालाको उच्च अपेक्षा र भरोसा रहेको छ ।

माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री, विष्णु प्रसाद पौडेल



कोष व्यवस्थापनको सक्रियता एवम् सरोकारवालाहरूको समन्वय र सहयोगबाट कोषलाई थप सवल र विश्वसनीय संस्थाको रूपमा विकास गर्न कोष सफल हुने विश्वास लिएको छु ।

सञ्चालक समिति अध्यक्ष, श्री दिनेश कुमार घिमिरे



ISSA कर्मचारी सञ्चय कोषले गर्ने प्रयासहरूमा सहयोग गर्न सदैव तयार छ ।

ISSA President, Dr. Mohammed Azman



सञ्चयकर्ता सेवा प्रवाह प्रक्रियालाई थप सरल र प्रविधिमैत्री बनाई सञ्चयकर्ता सन्तुष्टि अभिवृद्धि गर्न कोष प्रतिवद्ध छ ।

प्रशासक, श्री जितेन्द्र धिताल

कर्मचारी सञ्चय कोष स्थापनाको ६३औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टिप्रति सदैव प्रतिवद्ध रहने संकल्पसहित कोषका सेवा र सुविधालाई थप गुणस्तरीय, प्रभावकारी तथा प्रविधिमैत्री बनाई सम्पूर्ण सेवाग्राहीहरूको सन्तुष्टि अभिवृद्धि गर्ने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# सम्पादकीय

कर्मचारी सञ्चय कोष ६२ वर्ष पुरा गरी ६३ वर्षमा प्रवेश गरेको छ । छ दशक लामो इतिहास बोकेको सञ्चय कोष, निवृत्तभरण कोष र अन्य सामाजिक सुरक्षा योजनाको व्यवस्थापनको माध्यमबाट कोषलाई सरकारी तथा सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने यात्रामा कोष यात्रारत छ ।

राष्ट्र सेवामा रहेका राष्ट्र सेवक कर्मचारीहरूको अवकाश पछिका आर्थिक पक्षहरूलाई सम्बोधन गरी भविष्य सुरक्षित बनाउने उद्देश्यले वि.सं. २०१९ सालमा स्थापित कर्मचारी सञ्चय कोषले छ दशक लामो यात्रा पार गरेको छ । यो लामो यात्रामा कोषको दायरा र श्रोतमा उल्लेख्य वृद्धि हुनका साथै सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगका हिसाबले कोषले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । वि.सं. १९९१ मा अवकाश प्राप्त जंगी तर्फका कर्मचारीहरूको लागि मात्र शुरूवात गरिएको सञ्चय कोषको कार्यक्षेत्रमा बिस्तार भई विभिन्न निजी तथा गैह्रसरकारी संस्थाहरूमा कार्यरत कर्मचारीहरू सम्म पुगेको छ ।

कोषले निजामती, जंगी र प्रहरी सेवातर्फका कर्मचारीहरूका साथै शिक्षक, सार्वजनिक संस्थान तथा निजी प्रतिष्ठानका कर्मचारीहरू समेत गरी ५ लाख ७५ हजार भन्दा बढी सञ्चयकर्ताको करिव रू. ६ खर्ब बराबरको रकम व्यवस्थापन गर्ने जिम्मेवारी सफलतापूर्वक निर्वाह गरिरहेको छ । स्थापना कालदेखि सञ्चय कोषको मात्र व्यवस्थापन गर्दै आएको कर्मचारी सञ्चय कोषले २०७६ साल यता निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम योगदानमा आधारित निवृत्तभरण कोषको समेत व्यवस्थापन गर्दै आइरहेको छ ।

कोषले सञ्चय कोष तथा निवृत्तभरण कोषको रूपमा जम्मा हुन आएको रकमलाई देशको उत्पादनशील तथा पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी दिगो आर्थिक विकासमा योगदान पुर्‍याउनुका साथै प्राप्त प्रतिफल सञ्चयकर्ताहरूको हितमा नै वितरण गर्दै आएको छ । कोषले सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई पूरा गर्नको लागि विभिन्न सापटी सुविधा तथा सामाजिक सुरक्षा योजना समेत सञ्चालन गदै आएको छ ।

संस्थागत सुशासनका अवयवको अवलम्वन, अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण, सूचना प्रविधिमा आधारित कार्य प्रणाली, आधुनिक बैंकिङ्ग सञ्जालको उपयोग, छरितो व्यवस्थापन प्रणालीको अवलम्वन मार्फत सेवा प्रवाहलाई अत्याधुनिक बनाउँदै लगिएको छ ।

अन्त्यमा, कोषको ६३ औं वर्ष प्रवेशको यस पुनित अवसरमा कोष परिवारको उत्तरोत्तर प्रगतिका साथै कोषको श्रीवृद्धिका लागि शुभकामना दिनुहुने सम्पूर्ण शुभेच्छुक एवम् सरोकारवालाहरू, सञ्चयकर्ता, अग्रज कर्मचारी, नेपाल सरकार तथा रचनात्मक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

## समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पूरा गर्न कोषले आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउनु पर्ने : सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओली



सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले कर्मचारी सञ्चय कोषको ६३ औं वार्षिकोत्सवका अवसरमा यसका सञ्चालक, व्यवस्थापक, कर्मचारी तथा सम्पूर्ण लाभग्राहीहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ ।

शुभकामना सन्देशमा देशको सामाजिक सुरक्षाको अग्रणी संस्थाको रूपमा छ दशक भन्दा लामो समयदेखि संचालनरत रहेको कर्मचारी सञ्चय कोष अहिले सम्झौतित बचत परिचालन गर्ने ठूलो वित्तीय संस्थाको रूपमा बिकसित भइसकेको र यो वचत सञ्चयकर्ताको आर्थिक हितमा उपयोग गर्नुका अतिरिक्त देशको औद्योगिक र भौतिक पूर्वाधारको विकासमा पनि परिचालन गर्नुपर्ने आवश्यकता रहेको वताउनु भएको छ । साथै, कर्मचारीको सञ्चय कोष र निवृत्तिभरण कोषको रकमबाट सिर्जित पूँजिलाई न्यूनतम तरलता कायम राख्दै सुरक्षित लगानी गर्ने र त्यसको उचित प्रतिफल सञ्चयकर्तालाई दिने जिम्मेवारी कोषले प्रभावकारी रूपमा पूरा गर्ने छ भन्ने विश्वास लिनु भएको छ ।

हामीले राष्ट्रिय पूँजीलाई उद्यमशिलता विकासमार्फत उत्पादनमा परिचालन गर्न सक्यौं भने समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पूरा गर्न सक्ने र त्यसतर्फ कर्मचारी सञ्चय कोषले पनि आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउँदै दीर्घकालीन बचतलाई उद्योग, जलविद्युत, पर्यटन तथा सञ्चयकर्ताको आवासीय आवश्यकताका क्षेत्रमा लगानी अभिवृद्धि गर्ने छ भन्ने अपेक्षा गरेको वताउनु भयो ।

शुभकामना सन्देशको अन्त्यमा, सरकारले अवलम्वन गरेका नीति, योजना, कार्यक्रम तथा प्रतिबद्धतामा सहयोग पुग्ने गरी सरकारी तथा सार्वजनिक क्षेत्रका कर्मचारीका लागि एकीकृत सामाजिक सुरक्षा संस्थाको रूपमा रूपान्तरित हुँदै सञ्चय कोष अगाडि बढ्न सकोस् भनी हार्दिक आभार व्यक्त गर्नुभएको छ ।

## कोषले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य समेतका आधारमा आगामी कार्यदिशा तय गर्नुपर्ने :

### माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री पौडेल



माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले कर्मचारी सञ्चय कोष स्थापनाको ६३ औं वर्ष प्रवेश गरेको शुभ-अवसरमा खुसी व्यक्त गर्दै सम्पूर्ण सञ्चयकर्ता, योगदानकर्ता तथा कोष परिवारप्रति हार्दिक बधाई सहित उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभएको छ ।

उहाँले कर्मचारी सञ्चय कोष, सञ्चय कोष, निवृत्तिभरण कोष तथा अन्य सामाजिक सुरक्षा योजना कार्यान्वयन तथा वित्तीय स्रोत परिचालनका हिसावले मुलुककै सबैभन्दा ठूलो गैह्र बैकिङ्ग वित्तीय संस्था बन्न सफल भएको वताउँदै कोषको कार्यक्षेत्र तथा जिम्मेवारी र वित्तीय स्रोतमा भएको वृद्धि, कारोवारको प्रकृतिमा भएको विविधता, प्रविधिमा आएको परिवर्तन र सेवाग्राहीको अपेक्षा समेतका आधारमा कोषले आगामी दिनमा थप सुधारका कार्यक्रमहरूमा जोड दिनुपर्ने औंल्याउनु भयो ।

शुभकामना सन्देशमा माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीले कोषमा उपलब्ध वित्तिय स्रोतको व्यवस्थापनको साथै सञ्चयकर्ता तथा योगदानकर्तालाई प्रवाह गरिएको सेवाको दृष्टिकोणबाट कोषका गतिविधि सन्तोषजनक रूपमा अघि बढिरहेको जनाउनु भएको छ । साथै कोषले विगतमा निर्वाह गरेको भूमिका एवम् भविष्यको सम्भावनाका आधारमा कोषप्रति सरोकारवालाको उच्च अपेक्षा र भरोसा रहेको बताउनु भएको छ । कोषको कार्यक्षेत्र तथा जिम्मेवारी र वित्तीय स्रोतमा भएको वृद्धि, कारोवारको प्रकृतिमा भएको विविधता, प्रविधिमा आएको परिवर्तन र सेवाग्राहीको अपेक्षा समेतका आधारमा कोषले आगामी दिनमा थप सुधारका कार्यक्रमहरूमा जोड दिनुपर्ने देखिएको जानकारी गराउनु भएको छ ।

सञ्चय कोष र सामाजिक सुरक्षा प्रणालीका सम्बन्धमा विश्वव्यापी रूपमा नयाँ अवधारणा र अभ्यासको प्रयोग हुँदै आएको सन्दर्भमा कोषले आफूलाई प्राप्त जिम्मेवारीमा केन्द्रित भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशले सिर्जना गरेका अवसर तथा चुनौतीहरूको विश्लेषणका आधारमा आगामी कार्यदिशा तय गर्नुपर्ने र समान प्रकृतिका अन्तर्राष्ट्रिय संस्थाहरूले अवलम्बन गरेका असल अभ्यासहरूको अनुसरण गर्दै अघि बढ्नु पर्ने आवश्यकता रहेको वताउनु भएको छ ।

उहाँले कोषको ६३ औँ वार्षिकोत्सवका अवसरमा संस्थागत सुदृढीकरणको माध्यमबाट सञ्चयकर्ता तथा योगदानकर्ताको सन्तुष्टि प्रति लक्षित भई गुणस्तरीय, प्रभावकारी र प्रविधिमैत्री सेवा प्रवाहमा कोष परिवार थप उर्जावान भई लागि परोस् भन्ने शुभकामना व्यक्त गर्नु भएको छ ।

## कोषमा जोखिम व्यवस्थापन, संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र परिणाममुखी बनाउन आवश्यक

### अध्यक्ष घिमिरे



कोषको सञ्चालक समितिका अध्यक्ष दिनेश कुमार घिमिरेले कर्मचारी सञ्चय काषको ६३ औ वार्षिकोत्सवको सुखद् अवसरमा कोषमा आवद्ध सम्पूर्ण सञ्चयकर्ता, योगदानकर्ता र समग्र कोष परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ ।

उहाँले सञ्चयकर्ताको सन्तुष्टि नै कोषको मुख्य अभिष्ट रहेको हुँदा कोषका नीति, कार्यक्रम तथा समग्र गतिविधि यसैबाट निर्देशित हुनुपर्ने धारणा राख्दै कोषप्रति सञ्चयकर्ताहरूको विश्वास र सन्तुष्टि अभिवद्धि गर्न डिजिटल प्लेटफर्म, मोबाइल एप्लिकेशन जस्ता स्वचालित प्रणालीहरूको विकास र कार्यान्वयन मार्फत सञ्चयकर्ताहरूलाई छिटो, सहज र पारदर्शी सेवा प्रदान गर्न आवश्यक रहेको औंल्याउनु भएको छ ।

कोषले विक्रम संवत् २०७६ सालदेखि सञ्चय कोषको साथै योगदानमूलक निवृत्तभरण कोषको समेत व्यवस्थापन गर्ने जिम्मेवारी पाएसँगै कोषको सेवा र दायरा विस्तार हुनुको साथै दीर्घकालीन वित्तीय श्रोतमा उल्लेख्य वृद्धि हुँदै गएकोले श्रोत परिचालनको सन्दर्भमा सञ्चयकर्ताको रकमको सुरक्षा, सञ्चयकर्ताको हित र उचित प्रतिफललाई केन्द्रमा राख्न आवश्यक रहेको जनाउनु भएको छ ।

शुभकामना सन्देशमा अध्यक्ष घिमिरेले कोषको वित्तीय स्रोतमा भएको निरन्तर वृद्धि तथा वित्तीय कारोवारमा सूचना प्रविधिको बढ्दो प्रयोगका सन्दर्भमा जोखिम व्यवस्थापन, संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणाली लगायतलाई थप सशक्त र परिणाममुखी बनाउन आवश्यक रहेको बताउनुभयो । कोषले आफ्नो सेवा प्रवाहलाई अझ बढी प्रभावकारी र कुशल बनाउन प्रविधिको अधिकतम उपयोग गर्नुपर्ने आवश्यकता तर्फ जोड दिंदै कोष व्यवस्थापनको सक्रियता एवम् सरोकारवालाहरूको समन्वय र सहयोगबाट मात्र कोष सामु देखापर्ने चुनौतीको सम्बोधन गर्न सकिनेमा जोड दिनुभयो । कोषलाई थप सवल र विश्वसनीय संस्थाको रूपमा विकास गर्न एवम् सेवा सुविधाको दीगोपना कायम गरी कोषलाई सफल बनाउन व्यवस्थापनको सक्रियता एवम् सरोकारवालाहरूको समन्वय र सहयोग आवश्यक रहेको तर्फ जोड दिनुभयो ।

## ISSA का अध्यक्षको शुभकामना



कर्मचारी सञ्चय कोष ६२ वर्ष पुरा गरी ६३ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा International Social Security Association (ISSA) का President Prof. Dato' Sri Dr. Mohammed Azman ले शुभकामना दिनुभएको छ ।

उहाँले कोषले नेपालमा कैयौंका जीवनमा गहिरो प्रभाव पारेको जनाउँदै विगत छ दशक भन्दा बढी समयदेखि सञ्चयकर्ताको आर्थिक सुधारमा प्रभावकारी भूमिका खेलेको बताउनु भएको छ । भर्खर मात्रै योगदानमा आधारित निवृत्तभरण योजनाको जिम्मेवारी पाएको कोषले योगदानकर्ताको आवश्यकता परिपूर्तिका लागि सधै कटिबद्ध रहेको जनाउनु भएको छ । कोषको ISSA सँग गहिरो सम्बन्ध रहेको जनाउँदै सहकार्यात्मक प्रयासहरूले दुई संस्थाबीचको सम्बन्ध झनै मजबुत बनाएको बताउनु भएको छ ।

शुभकामना सन्देशमा उहाँले भन्नु भएको छ, सामाजिक सुरक्षाको यात्रा अनवरत चलिरहेको र यसैसँगै हामीहरूले चुनौतीहरु पनि सामना गर्नु परिरहेको छ । तर कोष जस्ता संस्थाहरूको अगुवाइमा हामीहरू त्यो भविष्य प्राप्तिको सही बाटोमा छौं जहाँ सामाजिक सुरक्षा सबैको लागि समान, पहुँचयोग्य र दीगो हुनेछन् । आगामी दिनमा पनि ISSA कोषसँग सहकार्य गरी बलियो धरातल बनाउँदै वृहत सामजिक सुरक्षणको साझा अभियानमा लाग्ने कुरामा विश्वास लिनुभएको छ ।

## सञ्चयकर्ता सन्तुष्टि अभिवृद्धि गर्न कोष सदैव लागिरहने: प्रशासक घिताल



कोषका प्रशासक जितेन्द्र धितालले कोषको ६३औं वार्षिकोत्सवको उपलक्ष्यमा सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ । सो अवसरमा कोष मुलुकको अग्रणी वित्तीय एवम् सामाजिक सुरक्षा संस्थाको हैसियतको रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरूको योगदानको स्मरण गर्दै उहाँहरूप्रति उच्च सम्मान व्यक्त गर्नुभएको छ ।

उहाँले छ दशक लामो इतिहास बोकेको कर्मचारी सञ्चय कोषको विगत निकै नै उत्साहजनक र गौरवमय रहेको स्मरण गर्दै सञ्चय कोष, निवृत्तभरण कोष र अन्य सामाजिक सुरक्षा योजनाको व्यवस्थापनको माध्यमबाट कोषलाई सरकारी तथा सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रूपमा विकास गर्ने यात्रामा कोष रहेको जनाउनु भएको छ । उपलब्ध दीर्घकालीन वित्तीय स्रोतलाई लगानी विविधीकरणको माध्यमवाट कुशल परिचालन गरी मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउन कोष प्रतिवद्ध रहेको जनाउनु भएको छ । प्रशासक धितालले सञ्चयकर्ता सेवा प्रवाह प्रक्रियालाई थप सरल र प्रविधिमैत्री बनाई सञ्चयकर्ता सन्तुष्टि अभिवृद्धि गर्न कोष सदैव लागिरहने प्रतिवद्धता समेत जनाउनु भएको छ । साथै कोषको संस्थागत क्षमता अभिवृद्धिमा सहयोग गर्ने सम्पूर्ण सरोकारवालाप्रति आभार प्रकट गर्नुभएको छ ।

## उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीद्वारा कोषको निरीक्षण भ्रमण



माननीय उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले मिति २०८१ भाद्र २५ गते कोषको निरीक्षण भ्रमण गर्नु भएको छ । उच्च व्यवस्थापनसँग भएको छलफलका क्रममा उहाँले कोषलाई सञ्चयकर्ता आकर्षित हुने गरी काम गर्न निर्देशन दिनुभयो । सोही क्रममा उहाँले संचयकर्तालाई नोक्सानीका आधारमा नभई उपलब्धिका आधारमा आकर्षित गर्ने गरी काम गर्नुपर्ने बताउनु भयो ।

कोषको सबैभन्दा ठूलो आधार र भविष्य सञ्चयकर्ता भएको भन्दै कोषले संचयकर्ताको विश्वास टुट्न नदिने गरी अघि बढ्नु पर्ने बताउनु भयो । कोषले सकेसम्म न्यून जनशक्तिबाट अधिकतम काम गर्न र आवश्यकता अनुसार दक्ष र क्षमतावान जनशक्तिलाई लिएर काम गर्न उहाँले आग्रह गर्नुभयो । सो क्रममा कोषका सह-प्रशासक जीवनकुमार कट्वालले कोषको विद्यमान अवस्थाको सम्बन्धमा संक्षिप्त प्रस्तुतीकरण दिनुभएको थियो ।

## कोषको अध्यक्षमा घिमिरे नियुक्त



कोषको अध्यक्षमा अर्थ मन्त्रालयका सचिव (राजश्व) दिनेश कुमार घिमिरे नियुक्त हुनुभएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१ भाद्र २० गतेको निर्णय अनुसार कोषको अध्यक्षमा अर्थमन्त्रालयका सचिव (राजश्व) घिमिरेले भाद्र २४ गते अर्थ मन्त्रालयमा आयोजित शपथग्रहण कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनु भयो । यस अघि तत्कालिन अर्थ सचिव (राजश्व) डा. रामप्रसाद घिमिरे कोष सञ्चालक समितिको अध्यक्ष रहनुभएको थियो ।

## सञ्चालकमा पुडासैनी नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा अर्थ मन्त्रालयका सहसचिव श्री हरिशरण पुडासैनी नियुक्त हुनुभएको छ । नेपाल सरकार (अर्थ मन्त्रालय मन्त्रिस्तर)को मिति २०८१ भाद्र २० गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी पुडासैनीलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा थापा नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा नेपाली सेनाका लेखा सहायक रथि विनोद थापा नियुक्त हुनु भएको छ । नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८० असोज १६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम थापालाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा गुरुङ नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ नियुक्त हुनु भएको छ । नेपाल सरकार (मन्त्रीपरिषद्)को मिति २०८१ भाद्र २० गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ग) बमोजिम गुरुङलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## अर्थ मन्त्रालय र प्रशासकबीच कार्य सम्पादन सम्झौता सम्पन्न

नेपाल सरकार र कोषका प्रशासकबीच कार्य सम्पादन सम्झौता (Performance Contract) सम्पन्न भएको छ । नेपाल सरकार अर्थ मन्त्रालय र कोषका प्रशासकको मिति २०८१ साउन ३० मा उक्त सम्झौता भएको हो । आ.व. २०८१/८२ का लागि भएको कार्यसम्पादन सम्झौतामा ८० प्रतिशत अङ्क भार सहित २५ वटा परिमाणात्मक लक्ष्य र २० अङ्क भार सहित २१ वटा गुणात्मक लक्ष्य सहित कूल ४६ वटा लक्ष्यहरु राखिएको छ ।



# वरिष्ठ कार्यकारी मञ्चको बैठक र बजेट तथा विशेष कार्यक्रमसम्बन्धी समीक्षा तथा छलफल कार्यक्रम सम्पन्न

कोषले मिति २०८१ जेठ १० देखि १२ सम्म वरिष्ठ कार्यकारी मञ्चको बैठक र बजेट तथा विशेष कार्यक्रमसम्बन्धी समीक्षा तथा छलफल कार्यक्रम सञ्चालन गरेको छ । पहिलो चरणको कार्यक्रम मिति २०८१ जेठ १० मा कोषको केन्द्रीय कार्यालय पुल्चोक, ललितपुरमा सञ्चालन भएको थियो । त्यस्तै दोश्रो चरणको कार्यक्रम मिति २०८१ जेठ ११ र १२ गते Lemon Tree Premier बुढानिलकण्ठमा सञ्चालन भएको थियो ।

कार्यक्रमको शुरूमा वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum) को बैठक र बजेट तथा विशेष कार्यक्रम सम्बन्धी समीक्षा तथा छलफल-२०८१ का सम्बन्धमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख रोचन श्रेष्ठले कार्यक्रम माथि संक्षिप्त प्रकाश पार्दै उपस्थित कोषका प्रशासक, सह प्रशासक लगायत सम्पूर्ण कोषका उच्च व्यवस्थापक, कार्यकारी मञ्चका सदस्यहरू, शाखा तथा सेवा केन्द्रका प्रमुख, क्रियाशील कर्मचारी संगठनका पदाधिकारी तथा प्रतिनिधि लगायत सहयोगी कर्मचारीहरूलाई कार्यक्रममा स्वागत गर्दै कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो । उक्त कार्यक्रममा वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum) को सात वटा समूह मध्ये तीन वटा समूहहरूबाट कार्यपत्र पेश भएका थिए । Financial Management Group बाट Digital Financial Management On EPF Perspective सम्बन्धी प्रथम प्रस्तुतीकरण भएको थियो । Pension Management Group बाट निवृत्तभरण तथा उपदान व्यवस्थापनसम्बन्धी दोस्रो प्रस्तुतीकरण भएको थियो र Risk Management Group बाट जोखिम व्यवस्थापनसम्वन्धी तेस्रो प्रस्तुतीकरण भएको थियो । छलफलमा Moderator को तर्फवाट सहप्रशासक जीवन कुमार कट्वालले २०७० सालवाट वरिष्ठ कार्यकारी मञ्चको अवधारणा शुरूवात भएको र यस मञ्चलाई अझ वढी प्रभावकारी बनाउन मिति २०८० सालमा केही परिमार्जन गरिएको बताउनु भयो । वरिष्ठ कार्यकारी मञ्चले आफ्नो समूहले वर्ष भरी गरेका काम कारवाही, पहिचान गरिएका समस्याहरु, सोको समाधानका लागि गरिएको सिफारिस र कार्यान्वयनवाट भएको उपलब्धि समेत समावेश गरी प्रतिवेदन तयार गर्नु पर्ने भएकोले यस मञ्चको महत्वपूर्ण भूमिका रहने कुरा बताउनु भयो ।



मिति २०८१ जेठ ११ र १२ गते Lemon Tree Premier, बुढानिलकण्ठमा दोश्रो चरणको कार्यक्रम अन्तर्गत कोषका शाखा तथा सेवा केन्द्रको तर्फवाट Branch Presentation भएको थियो । सम्पूर्ण शाखा कार्यालयहरु तथा सेवा केन्द्र धनकुटाको तर्फबाट संयुक्त रूपमा शाखा कार्यालय पोखराका कार्यालय प्रमुख मदन सुवेदीले शाखा कार्यालयहरूको कार्यसम्पादनसँग सम्बन्धित साझा सवाल, चुनौती तथा अपेक्षाहरु विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यस्तै योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको तर्फवाट आ.व. २०८०/८१ का वार्षिक कार्यक्रमको प्रगति विवरण तथा समीक्षा प्रस्तुत गरिएको थियो । त्यस्तै आर्थिक प्रशासन विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेलले आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम तथा बजेटको समीक्षा एवं आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित बजेट प्रस्तुत गर्नु भएको थियो । बजेट तथा विशेष कार्यक्रमसम्वन्धी छलफल २०८१ का सम्बन्धमा कोषका का.मु. सहप्रशासक भरतराज वस्तीले कार्यक्रम माथि संक्षिप्त प्रकाश पार्दै नयाँ ठाउँमा नयाँ विचार लिएर जानु पर्ने, कार्यक्रम प्रभावकारी हुने, आगामी वर्ष विशेष हुने र कर्मचारी लगनशील भएर काम गर्नुपर्ने र संस्थाको नियम कानूनभन्दा माथि कोही नहुने भन्दै उपस्थित कोषका प्रशासक, सहप्रशासक लगायत सम्पूर्ण उच्च व्यवस्थापक, वरिष्ठ कार्यकारी मञ्चका सदस्यहरु, शाखा तथा सेवा केन्द्रका प्रमुख, क्रियाशील कर्मचारी संगठनका अध्यक्ष तथा प्रतिनिधि

लगायत सहयोगी कर्मचारीहरूलाई कार्यक्रममा स्वागत गर्दै कार्यक्रमको सफलताको कामना गर्नुभयो ।

त्यस्तै कार्यक्रममा सञ्चय कोष घर जग्गा कम्पनीका प्रमुख विजय कुमार श्रेष्ठले आफ्नो विचार राख्नु भएको थियो । अन्त्यमा प्रमुख अतिथि तथा कोषका प्रशासक जीतेन्द्र धितालले आफ्नो मन्तव्य राख्दै नयाँ कुरा लिएर जाँदा कार्यक्रमको सान्दर्भिकता हुने बताउनु भयो । उहाँले Opreation र Functional Risk तुलनामा Policy Risk कम हुने जनाउनु भयो । उहाँको थप कथन थियो, "हाम्रो विगतमा बैंकसँग प्रतिस्पर्धा थियो अब उनीहरूले गरेको Update हामीले गऱ्यौ कि गरेनौ त्यसमा ख्याल गर्नु पर्दछ ।" सिकाई भन्ने कुरा निरन्तर भईरहने प्रक्रिया भएको जनाउँदै कर्मचारीले आफू Transform भएर संस्थालाई Trasformation गर्नु पर्छ भन्नु भयो । उहाँले शाखाले थप काम गर्न चाहेको कुरा उच्च मूल्याङ्कन गरी प्रादेशिक रूपमा विकास हुनेमा विश्वास जागेको बताउनु भयो । मन्तव्य कै क्रममा उहाँले Executive Forum को हालसम्म Quality मा खासै परिवर्तन नआएको बताउनु भयो । त्यस्तै निवृत्तभरण कोषको लागि प्रतिस्पर्धा हुँदा कोष सक्षम भएको प्रमाणित गर्नुपर्छ भन्नु भयो । उहाँले कोषलाई Learning Institution को रूपमा विकास गर्नुपर्ने कुरामा जोड दिनु भयो । कामको स्वरूपमा परिवर्तन गर्न, कामको प्रक्रियामा परिवर्तन गर्न सेवालाई सुधार गर्न एकद्वार प्रणालीबाट गर्नु पर्ने बताउनु भयो । साथै उपस्थित सबैमा



सक्रिय सहभागिताका लागि धन्यवाद दिदै कार्यक्रम समापन गर्नु भयो ।

दुवै चरणका कार्यक्रम सञ्चालन योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका का.मु. वरिष्ठ प्रवन्धक श्री अर्जुन प्रसाद उपाध्यायले गर्नु भएको थियो ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

सञ्चयकर्ता सेवा विभागबाट विभिन्न मितिमा ११ वटा स्थानहरूमा अन्तरक्रिया, प्रशिक्षण तथा छलफल कार्यक्रम सञ्चालन भएको छ । यसै क्रममा सैनिक आर्थिक प्रशासन निर्देशनालय जंगी अड्डा छाउनीमा २०८० पुस ६ गते, सशस्त्र प्रहरी बल, यू.एन. शान्ति स्थापना तालिम शिक्षालय, ककनी नुवाकोटमा २०८१ जेठ २५ र २६ गते ११० जना, नं. १ सैन्य तालिम केन्द्र, मैथली शिविर, त्रिशुली नुवाकोटमा जेठ २७ देखि २९ मा ४०० जना सञ्चयकर्ताबीच अन्तरक्रिया कार्यक्रम गरियो । त्यस्तै सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिनटार चितवनमा असार ७ र ८ मा १०२ जना सैनिक आ.प्र.निं, जंगी अड्डा २०८१ वैशाख २



मा प्रशिक्षण तथा छलफल रा.प्र.प्र.प्र., महाराजगन्ज २०८१ जेठ २३ मा प्रशिक्षण तथा छलफल कार्यक्रम सञ्चालन सम्पन्न गरियो ।

वार्षिक कार्यक्रम अन्तर्गत आ.व.२०८०/८१ को MOU अनुरूप २०८० श्रावण देखि २०८१ असारसम्म कार्यालयको अनुरोध पत्र बमोजिम सम्वन्धित कार्यालयमा नै गई Individual KYC verify कार्य, सञ्चयकर्ताको Digital PF card print गरी वितरण गर्ने तथा कोषको अनलाइन सुविधा र अन्य गतिविधि सम्बन्धमा सञ्चयकर्ता तथा सञ्चयकर्ता कार्यालयलाई जानकारी प्रदान गर्ने उद्देश्यले प्रशिक्षण प्रदान गरिएको र अन्तरक्रिया गरिएको हो ।

# विभागीय प्रमुख तथा शाखा कार्यालय/सेवा केन्द्र प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता सम्पन्न

कोषका प्रशासक र विभागीय प्रमुख, शाखा कार्यालय तथा सेवा केन्द्र प्रमुखहरु बीच २०८१ साउन १९ गते आर्थिक वर्ष २०८१/८२ का लागि कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । कार्यसम्पादन सम्झौतामा विभाग, शाखा कार्यालय र सेवा केन्द्रले सम्पादन गर्नुपर्ने कार्यक्रमहरू, क्रियाकलापहरू, लक्ष्य, अपेक्षित परिणाम र समय सीमा समेटिएका छन् । कोषको समग्र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्ने तथा कोषका विभाग/शाखा कार्यालय/सेवा केन्द्रको कार्यलाई थप प्रभावकारी र परिणाममूलक बनाउने उद्देश्यले आर्थिक वर्ष २०७५/७६ देखि कार्यसम्पादन सम्झौताको शुरूवात गरिएको थियो ।

कार्यसम्पादन सम्झौतामा कोषका प्रशासक जितेन्द्र धितालले पहिलो पक्षका रूपमा तथा विभागीय प्रमुखहरूले दोस्रो पक्षको रूपमा हस्ताक्षर गर्नुभएको छ । सह-प्रशासकद्वय जीवन कुमार कट्वाल तथा भरतराज वस्तीको रोहवरमा सम्पन्न भएको सो सम्झौतामा दोस्रो पक्षको रूपमा हस्ताक्षर गर्ने विभागीय प्रमुखहरूमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख रोचन श्रेष्ठ, लेखा परीक्षण विभागका विभागीय प्रमुख ध्रुव भट्टराई, आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारी, मानव संसाधन व्यवस्थापन विभागका विभागीय प्रमुख दामोदर प्रसाद सुवेदी, कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागका विभागीय प्रमुख ठाकुरजंग थापा, सम्पत्ति व्यवस्थापन विभागका विभागीय प्रमुख शान्ता गौतम, निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेल, कोष व्यवस्थापन विभागका विभागीय प्रमुख सुवाष खड्का, सूचना प्रविधि विभागका विभागीय प्रमुख दर्शन भट्टराई, र सञ्चयकर्ता कर्जा विभागका विभागीय प्रमुख नगेन्द्र प्रसाद पौडेल हुनुहुन्थ्यो ।

त्यसैगरी प्रशासक र शाखा कार्यालय एवं सेवा केन्द्रका प्रमुखहरूबीच पनि कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । कोषका सह-प्रशासकहरूको रोहवरमा सम्पन्न सो कार्यसम्पादन सम्झौतामा प्रशासकले पहिलो पक्षका रूपमा तथा शाखा कार्यालय/सेवा केन्द्रका प्रमुखहरूले दोस्रो पक्षको रूपमा हस्ताक्षर गर्नुभएको थियो । दोस्रो पक्षको रूपमा हस्ताक्षर गर्ने कार्यालय प्रमुखहरूमा शाखा कार्यालय हेटौडाका कार्यालय प्रमुख डा. दिलिपराज पौडेल, शाखा कार्यालय पोखराका कार्यालय प्रमुख मदन सुवेदी, शाखा कार्यालय धनगढीका कार्यालय प्रमुख राजेन्द्र लामिछाने, शाखा




कार्यालय विराटनगरका कार्यालय प्रमुख रामशरण अर्याल, शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख राम प्रसाद लामिछाने, शाखा कार्यालय सुर्खेतका कार्यालय प्रमुख ध्रुव प्रसाद तिवारी, शाखा कार्यालय कोहलपुरका कार्यालय प्रमुख शशि कुमार देवकोटा, शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख कृष्ण बहादुर जि.सी., सेवा केन्द्र धनकुटाका प्रमुख दिपकमणी रिसाल, सेवा केन्द्र लगनखेलका प्रमुख अर्जुन प्रसाद आचार्य र सेवा केन्द्र सिंहदरबारका प्रमुख बाल कुमारी न्यौपाने रहनु भएको छ ।

विभाग तथा शाखा कार्यालय/सेवा केन्द्रहरूको कार्यसम्पादन सम्झौतामा कार्यक्रमहरूलाई विशेष कार्यक्रम र नियमित कार्यक्रम गरी विभाजन गरिएको छ । विशेष कार्यक्रमको अङ्कभार ८० प्रतिशत गराइएको छ भने नियमित कार्यक्रमको अङ्कभार २० प्रतिशत गरिएको छ ।

उक्त सम्झौतामा विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रको वार्षिक कार्यप्रगति विवरणको अनुगमन तथा मूल्याङ्कन गर्न कोषका प्रशासकको अध्यक्षतामा दुई जना सहप्रशासक सदस्य र योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सचिव रहेको एक मूल्याङ्कन समिति रहने व्यवस्था गरिएको छ । साथै कार्यसम्पादनमा अति उत्तम र उत्तम हुनेलाई यथोचित पुरस्कारको पनि व्यवस्था गरिएको छ । यसबाट कामलाई नतिजामुखी, उत्तरदायी, योजनाबद्ध रूपमा सम्पन्न गर्न र विभाग तथा शाखा कार्यालयहरूको कार्यसम्पादन स्तरमा गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ ।



## डिजिटल फाँटबारीमा बढोत्तरी

कोषले अभियान कै रूपमा शुरु गरेको डिजिटल फाँटबारी शतप्रतिशतको लक्ष्यतर्फ उन्मुख छ । आ.व. २०८०/८१ मा सञ्चयकर्ताको ९९.९८ प्रतिशत फाँटवारी विवरण विद्युतीय माध्यमवाट प्राप्त गरी सम्बन्धित खातामा प्रविष्ट गरिएको छ । यससँगै म्यानुअलबाट आउने फाँटबारी नगन्य रहन गएको छ र निकट भविष्य मै शत प्रतिशत फाँटबारी डिजिटल रूपमा प्राप्त हुनेमा कोष विश्वस्त रहेको छ । कोषमा सुरू भएको डिजिटल फाँटबारीले कोषकट्टी रकम संकलनमा सहजता ल्याएको छ । कोषले लिएको विद्युतीय सेवा प्रवाहको नीतिलाई मूर्तरूप दिन डिजिटल माध्यमबाट फाँटबारी पठाउने व्यवस्था गरिएको हो ।

## शाखा कार्यालय भवन निर्माण कार्य तीव्र



कोषले प्रत्येक शाखाबाट हुने सेवा प्रवाह आफ्नै भवनबाट सञ्चालन गर्ने उद्देश्यले कार्यालय भवन निर्माण कार्यलाई तीव्रता दिएको छ । यसै क्रममा शाखा कार्यालय पोखराको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ । त्यस्तै शाखा कार्यालय हेटौडाको भवनहरूको निमार्ण कार्य पनि तीव्र रूपमा अघि बढिरहेको छ । शाखा कार्यालय जनकपुरको कार्य पनि भइरहेको छ । शाखा कार्यालय विराटनगर, कोहलपुरले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् भने शाखा कार्यालय धनगढीमा कार्यालय भवन निमार्णका लागि प्रक्रिया शुरू गरिएको छ त्यस्तै शाखा कार्यालय बुटवलमा जग्गा खरिद गर्ने प्रक्रिया सुरू गरिएको छ ।

## केवाइसी अद्यावधिकीकरण

सञ्चयकर्ता सेवा विभागले विभिन्न स्थानमा Onsite KYC अद्यावधिक कार्य सम्पन्न गरेको छ ।

२०८० कार्तिक २० गते श्री नं. २६ बाहिनी अड्डा भकुन्डेबेसीमा नयाँ नियुक्त तालिमरत सैनिक जवानहरूको नयाँ KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरियो । सो अवसरमा करिब २०५ जना सञ्चयकर्ताको KYC अद्यावधिक गरिएको थियो । त्यस्तै नं १ सैन्य तालिम केन्द्र, मैथली शिविर त्रिशुली नुवाकोटमा ६५० जना, नं ६ बाहिनी अड्डा, बैरेनी ब्यारेक धाडिङमा १०५, नं. विपद व्यवस्थापन गण, सुन्दरीजल काठमाडौँ १०५, नेपाली सैनिक प्रतिष्ठान खरिपाटी, भक्तपुर १९१, नेपाली सेना महाविर योजना तथा समन्वय महाशाखा, छाउनी, १०३ नेपाली सेना भैरवनाथ गण लक्ष्मी निवास, महाराजगंज १४० जना, नेपाली सेना नं. २६ बाहिनी अड्डा, भकुण्डेवेसी मा गई २३ हजार ७ हजार ९९ जना सञ्चयकर्ताको KYC Update गरिएको छ ।



## सामाजिक सुरक्षामा ५४ करोड बढी रकम वितरण



आर्थिक वर्ष २०८०/८१ मा कोषले कुल २६ हजार ७४ जना सञ्चयकर्तालाई करिब ५४ करोड २५ लाख रूपैयाँ रकम सामाजिक सुरक्षाका रूपमा प्रदान गरेको छ । जस अनुसार सञ्चयकर्ता स्वास्थ्य उपचार सुविधा अन्तर्गत साधारण रोगतर्फ ४५ सय ९० सञ्चयकतालाई १७ करोड १५ लाख, घातक रोगका लागि ११ सय ४६ जना सञ्चयकर्तालाई १७ करोड ४८ लाख प्रदान गरिएको छ । त्यसैगरी सुत्केरी तथा शिशु स्याहार योजना अन्तर्गत १९ हजार ५ सय २५ जनालाई १४ करोड ६४ लाख ३६ हजार, काजकिरिया अनुदान सुविधा ७०६ जनाका आश्रित परिवारलाई २ करोड ८२ लाख ३० हजार र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत १०७ जनालाई २ करोड १४ लाख प्रदान गरिएको छ ।

## कोषको बचत ६ अर्ब बढी

कोषले आ.व. २०७९/८० मा रू. ६ अर्ब ५ करोड रूपैयाँ बचत आर्जन गरेको छ । सो मध्ये ४ अर्ब ६० करोड ४६ लाख रूपैयाँ सञ्चयकर्तालाई वितरण गरिएको छ । कोषले आ.व. २०७८/७९ मा रू. ५ अर्ब ५८ करोड बचत आर्जन गरेको थियो ।




## आर्जित बचत रकम सञ्चयकर्तालाई वितरण

कोषले आर्थिक वर्ष २०७९/८० को बचत रकम वितरण गरेको छ । सञ्चयकर्तालाई आर्थिक वर्ष २०७९/८० को शुरु सञ्चय कोष मौज्दातमा १.१० प्रतिशत थप रकम वितरण गरिएको हो ।

## निवृत्तभरणमा ८० हजार बढी कर्मचारी आवद्ध

कोषमा हालसम्म ८० हजार ४ सय २२ जना कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेवारी पाएसँगै २०७६ बाट रकम जम्मा हुन शुरू भएको थियो । हालसम्म ३ हजार ८ सय ८७ वटा कार्यालयबाट रू. ११ अरब २१ करोड भन्दा बढी योगदान रकम संकलन भैसकेको छ ।




निवृत्तभरणमा योगदानकर्ता: ८०,४२२ जना
कार्यालय: ३ हजार ८ सय ८७ वटा
हालसम्म: रू. ११ अर्ब २१ करोड

## ब्याज दरमा परिवर्तन

कोषले २०८१ श्रावण १ गते देखि आर्थिक वर्ष २०८१/८२ को लागि लिने र प्रदान गर्ने ब्याजदरमा पुनरावलोकन गरेको छ । अब सञ्चय कोष तथा निवृत्तभरण कोषमा जम्मा भएको रकममा दिइने ब्याज ५.५० प्रतिशत रहेको छ । त्यसैगरी विशेष सापटीमा ६.६० घर सापटी, शैक्षिक सापटी, घरमर्मत सापटीमा ७.५० साथै जग्गा खरिद सापटी र सरल सापटीमा ८ प्रतिशत ब्याज लिने निर्णय गरिएको छ । तर धितोमा आधारित कर्जाको ब्याज नियमित रूपमा चुक्ता गर्ने सञ्चयकर्ताको हकमा ०.२५ प्रतिशत विन्दुले छुट दिने निर्णय भएको छ ।

| | |
|---|---|
| सञ्चय कोष तथा निवृत्तभरण कोषमा | : ५.५० प्रतिशत |
| विशेष सापटी | : ६.६० प्रतिशत |
| घर सापटी | : ७.५० प्रतिशत |
| शैक्षिक सापटी | : ७.५० प्रतिशत |
| घरमर्मत सापटी | : ७.५० प्रतिशत |
| जग्गा खरिद सापटी | : ८.०० प्रतिशत |
| सरल सापटी | : ८.०० प्रतिशत |

# वार्षिकोत्सवको उपलक्ष्यमा खेलकुद कार्यक्रम

कोषले आफ्नो ६३ औं वार्षिकोत्सवलाई हर्षोल्लासपूर्ण रूपमा मनाउने सिलसिलामा कोषको अतिरिक्त क्रियाकलाप उपसमितिले विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरू सञ्चालन गरेको छ । कोषमा कार्यरत कर्मचारीहरूबीच आपसी सम्बन्ध एवं सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्यले यही २०८१ भाद्र १४ देखि शुरू भएको खेलकुदका कार्यक्रमहरू भाद्र २८ सम्म सञ्चालन भएका थिए । कोषको वार्षिकोत्सवलाई भव्यताका साथ मनाउने क्रममा आयोजना भएका खेलकुदका कार्यक्रमहरूमा फुट्सल, टेबल टेनिस, चेस, ब्याडमिन्टन र म्युजिकल बल रहेका थिए । साथै वार्षिकोत्सवको अवसरमा भाद्र २८ मा रक्तदान कार्यक्रम समेत गरेको थियो ।














## सञ्चयकर्ता दम्पतीलाई स्वास्थ्य उपचार सुविधा

कोषले २०८० फागुन १ गतेदेखि लागू हुने गरी सञ्चकर्ता दम्पतीलाई स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउने भएको छ । पहिले सञ्चयकर्तालाई मात्र उपलब्ध गराइँदै आएको सो सुविधा सञ्चयकर्ता दम्पतीले समेत प्राप्त गर्ने व्यवस्था मिलाइएको हो ।

कोषले २०७६ सालदेखि सञ्चयकर्ताले अस्पतालमा भर्ना भई उपचार गराएको साधारण रोगको हकमा प्रत्येक वर्ष बढीमा रू एक लाख र घातक रोगको हकमा सेवा अवधिभरमा रू १० लाखसम्मको स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउँदै आएको छ।

सञ्चयकर्तालाई मात्र उपलब्ध गराइएको सो सुविधा अब सञ्चकर्ताका पति वा पत्नीलाई पनि प्रदान गरिने भएको हो । नेपाल सरकारको बजेट भाषणमा समेत उल्लेख भएको यो कार्यक्रमले मूर्तरूप पाएको हो । उक्त सुविधा प्रदान गर्नका लागि अस्पतालको सूची समेत तयार गरिएको छ । सूचीकृत अस्पतालमा भर्ना भई सञ्चयकर्ता वा पति तथा पत्नीको उपचार गराएमा मात्र सोधभर्ना गरिने छ ।

कोषले सामाजिक सुरक्षा अन्तर्गत स्वास्थ्य उपचार सुविधा बाहेक काजकिरिया अनुदान, सुत्केरी एवं शिशु स्याहार खर्च र दुर्घटना क्षतिपूर्ति वापत रकम प्रदान गर्दै आएको छ । गत आ.व. मात्र सामाजिक सुरक्षा बापत कोषले सञ्चयकर्तालाई रू ५४ करोड २५ लाख बराबरको रकम प्रदान गरेको थियो ।

## २0 सार्वजनिक संस्था कोषमा आवद्ध

नेपाल सरकारको संघीय तहका कर्मचारीका साथै सार्वजनिक संस्थाका कर्मचारीलाई समेत योगदानमूलक निवृत्तभरणमा आवद्ध गर्ने जिम्मेवारी पाएको कोषले थप २० वटा संस्थासँग सम्झौता गरेको छ । त्यसरी आवद्ध हुने संस्थामा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, सिभिल अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, पोखरा विश्वविद्यालय, एचआइडिसिएल, आरबिबि मर्चेन्ट बैंक, साझा यातायात र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, अप्पर तामाकोसी हाइड्रोपावर लिमिटेड, मानव अङ्ग प्रत्यारोपण, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, राष्ट्रिय मानव अधिकार आयोग, सञ्चय कोष घरजग्गा कम्पनी, कर्मचारी सञ्चय कोष, नेपाल टेलिकम आदि रहेका छन् ।

## IT Policy कार्यान्वयनमा

कोषमा Employees Provident Fund, Information Technology Policy, 2080 कार्यान्वयनमा आएको छ । सो नीति सञ्चालक समितिबाट पुस १६ गते स्वीकृत भई लागू भएको हो । सूचना प्रणालीको विश्वसनीयता, गोपनीयता र सुरक्षाका लागि सो नीतिले ठुलो टेवा दिने विश्वास लिइएको छ ।

## ७ लाख ८८ हजार सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक

कोषले हालसम्म ७ लाख ८८ हजारको संख्यामा सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक गरेको छ । त्यसैगरी हालसम्म कुल २९ हजार ५ सयभन्दा बढी OFFICE KYC अद्यावधिक भएको छ । कोषले प्रदान गर्ने सबै सेवा सुविधा उपभोगको लागि KYC अनिवार्य गरिएको छ ।




## कोषको लगानी

कोषले विभिन्न क्षेत्रमा लगानी गरेको छ । करिब ११ सय ७२ मेगावाट विद्युत उत्पादनको लागि रू.६८ अर्ब कर्जा १० वटा जलविद्युत परियोजनामा प्रवाह गरिएको छ । त्यसैगरी पूँजी बजारको विकास गर्ने उद्देश्यले बैक तथा वित्तिय संस्था सहित २३ वटा कम्पनीमा करिब १२ अर्व शेयर लगानी गरिएको छ । पूर्वाधार क्षेत्रका विभिन्न १३ परियोजनाहरूमा करिब रू. २९ अर्ब कर्जा प्रवाह गरिएको छ ।

# स्वास्थ्य उपचारका लागि अस्पताल तोकिए

कोषले स्वास्थ्य उपचार गर्नका लागि निश्चित अस्पताल तोकेको छ । यस भन्दा अघि नेपालमा कानूनीरूपमा स्थापित जुनसुकै अस्पताल, नर्सिङ्गहोम वा नेपालमा उपचार सम्भव नभएमा विदेशका अस्पतालमा भएको उपचार खर्च समेत शोधभर्ना हुने गरेकोमा अब तोकिएको अस्पतालमा उपचार गरेमा मात्र त्यसको शोधभर्ना हुने छ । उपचारको लागि तोकिएका अस्पतालको सूची कोषको website मा प्रकाशित गरिएको छ ।




## अधिकृतस्तरीय तालिम सम्पन्न

कोषले अधिकृतस्तरीय तालिम सञ्चालन गरेको छ । मिति २०८१ भाद्र १० र ११ गते Peaceful Cottage and Café Du Mount Nagarkot मा सञ्चयकर्ताहरूसँग प्रत्यक्षरूपमा संलग्न हुने विभागहरूको काम कारवाहीसँग सम्बन्धित विषयमा आवासीय तालिम कार्यक्रम सम्पन्न भएको हो । सो तालिम कार्यक्रममा विभिन्न विभागका ६८ जना अधिकृत कर्मचारीको उपस्थिति रहेको थियो । सो क्रममा सञ्चयकर्ता कर्जा प्रवाह र असुली व्यवस्थापन विषयमा नगेन्द्र प्रसाद पौडेल, कोषको लेखा, लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षणका सवालमा सिए ध्रुव प्रसाद भट्टराई, कोषको संस्थागत व्यवस्थापनको सम्बन्धमा का. मु. सहप्रशासक भरतराज वस्तीले प्रस्तुतीकरण दिनु भएको थियो । त्यसैगरी निवृत्तभरण तथा सामाजिक सुरक्षा व्यस्थापनका सन्दर्भमा वीरेन्द्र पौडेल, कोष व्यवस्थापनको समग्र पक्षका बारेमा सुवाष खड्का तथा कोषको कार्य सञ्चालन सम्बन्धमा सह प्रशासक जीवन कुमार कट्वालबाट प्रस्तुतीकरण गरिएको थियो ।



## सामाजिक सुरक्षा सुविधा मापदण्डमा केहि परिमार्जन

कोषले सामाजिक सुरक्षा सुविधा मापदण्डमा केहि परिमार्जन गरेको छ । विविध सामाजिक सुरक्षा सुविधामध्ये सुत्केरी तथा शिशु स्याहार प्राप्त गर्नका लागि कोषकट्टी भएको छ ६ महिना अवधि भएको तथा ३ महिनादेखि नियमितरूपमा सञ्चयकोष जम्मा भएको हुनु पर्दछ । त्यसैगरी काजकिरिया अनुदानको दाबी पहिले ६ वर्षभित्र गर्नु पर्नेमा हाल १ वर्ष गरिएको छ ।

## कर्मचारीलाई तालिम

कोषले आर्थिक वर्ष २०८०/२०८१ मा जम्मा ५३७ जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । ४७२ जना कर्मचारी स्वदेशी तथा ६५ जना कर्मचारी वैदेशिक तालिममा मनोनयन भई तालिम प्राप्त गरेका छन् । सबै कर्मचारीलाई पेशागत तालिमको माध्यमबाट दक्ष बनाउने कोषको नीति रहेको छ । यसै सिलसिलामा AIT Extension, Asian Institute of Technology (AIT), Thailand सँग ३ बर्षका लागि भएको सम्झौता समेत भएको छ ।

## सरल सापटी शाखा कार्यालय तथा सेवा केन्द्रबाट प्रदान गर्न शुरू

सरल सापटीलाई शाखा कार्यालय तथा सेवा केन्द्रबाट समेत प्रदान गर्न सुरू गरिएको छ । कोषले काठमाडौं उपत्यकामा मात्र उपलब्ध गराउँदै आएको सो कर्जालाई २०८० फागुनदेखि बाहिरी जिल्लामा समेत बिस्तार गरिएको हो । यसभन्दा पहिले सरल चक्र कर्जा नामाकरण गरिएको सो कर्जाको सीमा ४० लाख रहेको छ ।

# विभागहरूद्वारा विभिन्न तालिम कार्यक्रम सम्पन्न

कोषका विभिन्न विभागहरूले आ.व. २०८०/८१ मा विविध प्रकारका तालिम सञ्चालन गरेका छन् । यसै क्रममा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको आयोजनामा २०८० माघ ६ गतेका दिन एक दिवसीय सम्पति शुद्धीकरणसम्बन्धी तालिम आयोजना गरिएको छ । सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) विषयक सो तालिम कार्यक्रममा कोषका ४७ जना अधिकृत कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैङ्क वित्तीय जानकारी इकाई (FIU) का निर्देशक दीर्घ बहादुर रावल र बैङ्क सुपरभिजन विभागका उप-निर्देशक अभियान उपाध्याय र सम्पति शुद्धीकरण अनुसन्धान विभागका अधिकारी प्रकाशचन्द्र सापकोटा स्रोत व्यक्तिका रूपमा रहनुभएको थियो ।

त्यसैगरी कोष व्यवस्थापन विभाग कोषका सबै शाखा कार्यालय तथा उपत्यका बाहिरका सेवा केन्द्रको सहभागितामा तालिम तथा अभिमुखीकरण कार्यक्रम काठमाडौँमा सम्पन्न गरेको छ । त्यस्तै निवृत्तभरण तथा सामाजिक सुरक्षा विभाग, सञ्चयकर्ता सेवा विभाग र सञ्चकर्ता कर्जा विभागले पनि आ.व. २०८०/८१ को तेश्रो त्रैमासमा विभिन्न तालीम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेका छन् ।



## सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण सम्पन्न

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागले सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण सम्पन्न गरेको छ । कोषका विभिन्न कार्यालयहरूमा प्रश्नावली पठाई कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धी सञ्चयकर्ताको जानकारी एवं सन्तुष्टी स्तरबारे बुझ्ने प्रयास स्वरूप गरिएको सो सर्वेक्षणमा विभिन्न पेशा एवं क्षेत्रका ५५० जना सञ्चयकर्ताको Sample size का रूपमा लिइएको थियो । सो अध्ययन बाट अझै पनि ठूलो संख्यामा सञ्चयकर्ता कोषले प्रवाह गरिरहेका सेवा सुविधा र सो प्राप्त गर्ने प्रक्रियागत जानकारी नरहेको पाइएको छ । आगामी दिनमा कोषले आफ्ना सेवा सुविधाबारे थप प्रचार प्रसार गर्नुपर्ने देखिएको छ ।

## करिब १ लाख २५ हजार विद्युतीय परिचयपत्र वितरण

कोषले आ.व २०८०/८१ को असार मसान्तसम्म १ लाख २४ हजार ९ सय विद्युतीय परिचयपत्र वितरण गरेको छ । मुख्य कार्यालय ठमेल, विभिन्न शाखा कार्यालय तथा सेवा केन्द्रबाट विद्युतीय परिचय पत्र वितरण गरिदै आएको छ । कोषले प्रदान गर्ने सेवा सुविधालाई थप सहज, भरपर्दो एवं विश्वसनीय बनाउनका लागि विद्युतीय परिचय पत्रले सहयोग पुग्ने विश्वास लिइएको छ । कोषले अवको ४ वर्षभित्र सम्पूर्ण सञ्चयकर्तालाई विद्युतीय परिचयपत्र वितरण गर्ने लक्ष्य लिएको छ ।

# शाखा कार्यालय विराटनगर

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

शाखा कार्यालय विराटनगरद्वारा विभिन्न स्थानहरूमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रियामा कार्यक्रम सञ्चालन गरिएको छ । मिति २०८१ आषाढ ७ र ८ मा सशस्त्र प्रहरी वल नेपाल, पाथीभरा जवान तालिम शिक्षालय झापामा कोषले प्रदान गर्ने सेवा सुविधा र उक्त सेवा सुविधा लिनको लागि आवश्यक कागजात तथा प्रकिया सम्बन्धमा सो ब्यारेकका सशस्त्र प्रहरी अधिकृत तथा जवानहरूको उपस्थितिमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो शिक्षालयमा नवनियुक्त सशस्त्र प्रहरी जवानहरूको KYC,



KYC update तथा डिजिटल परिचयपत्र प्रिन्ट गर्न आवश्यक कागजात संकलन गर्ने उद्देश्यले सो शिक्षालयमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । त्यस्तै यस अघि मोरङ्ग जिल्लाको जहदा गाँउपालिकामा पौष २२ गते सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यकारी अधिकृत सुरेन्द्र कुमार यादवको प्रमुख आतिथ्यतामा मिति २०८० पौष २२ गते सो गाँउपालिका अन्तर्गत रहेका ३० वटा विद्यालयका प्रतिनिधि प्रधानाध्यापक, शिक्षक तथा लेखापालहरू, जहदा गाँउपालिकामा कार्यरत कर्मचारीहरूबीच कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धमा जानकारी प्रदान गरिनुका साथै कोषबाट सेवा सुविधा लिदाँ सञ्चयकर्ताको तर्फबाट भोगेका समस्या समाधान गर्ने उद्देश्यले सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

## KYC तथा डिजिटल परिचयपत्रसम्बन्धी कार्य सम्पन्न

शाखा कार्यालय विराटनगरद्वारा मिति २०८० चैत्र १७ पूर्वी पृतना हेडक्वाटर इटहरीमा KYC अद्यावधिक तथा डिजिटल परिचय पत्रसम्बन्धी कार्य सम्पन्न गरिएको छ । सो अवसरमा नवनियुक्त १०५ जना सैन्य जवानहरूको नयाँ KYC, KYC अद्यावधिक तथा डिजिटल परिचयपत्र प्रिन्ट गर्नको लागि आवश्यक कागजात संकलन कार्य सम्पन्न गरिएको थियो । सो अवसरमा नवनियुक्त सैन्य जवान, लेखामा काम गर्ने अधिकृत तथा जवानहरू समेतको उपस्थितिमा कोषले प्रदान गर्ने सेवा सुविधा र उक्त सेवा सुविधा लिनको लागि आवश्यक कागजात तथा प्रकिया सम्बन्धमा जानकारी प्रदान समेत गरिएको थियो ।



कार्यक्रममा शाखा कार्यालय विराटनगरको तर्फबाट कार्यालय प्रमुख राम शरण अर्याल, प्रमुख सहायक सुरेन्द्र प्रसाद दास, प्रमुख सहायक (अन्य) राम चन्द्र पोखरेलको सहभागिता रहेको थियो भने नेपाली सेनाको तर्फबाट लेखा प्रमुख (सेनानी) कमल भण्डारी, धर्म राज थापा लगायत १०५ जना नवनियुक्त सैनिक जवानहरू, अधिकृत तथा अन्य सैन्य पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## तालिम कार्यक्रम सम्पन्न

शाखा कार्यालय विराटनगरमा मिति २०८१ असार २५ गते एक तालिम कार्यक्रम सञ्चालन भएको छ । शाखा कार्यालयमा कार्यरत कर्मचारीहरूमा धितोमा आधारित कर्जा प्रवाह गर्दा सञ्चयकर्ताले पेश गरेका धितोसँग सम्बन्धित कागजात, भूमि प्रशासन तथा नापीसम्बन्धी आवश्यक जानकारी प्रदान गर्ने तथा उक्त सापटी प्रवाह गर्दा अपनाउनु पर्ने सावधानीको सम्बन्धमा मालपोत कार्यालय विराटनगरका प्रमुख भानुभक्त न्यौपाने तथा नापी कार्यालय वेलवारी मोरङ्गका कार्यालय प्रमुख प्रशान्त घिमिरेको तर्फबाट भूमि प्रशासन र नापी सम्बन्धी परीक्षण भएको थियो । तालिममा कोषबाट धितोमा आधारित कर्जा प्रवाह गर्दा धितोमा राखिने घरजग्गा सुरक्षित भए नभएको सम्बन्धमा यकिन गरी बाटोको अवस्था एवं क्षेत्रफल समेतको जानकारी कसरी प्राप्त गर्न सकिन्छ भन्ने सम्बन्धमा कोषका कर्मचारीहरु प्रशिक्षित हुनु भएको थियो ।



# शाखा कार्यालय हेटौडा

## अन्तरक्रिया कार्यक्रम

शाखा कार्यालय हेटौडाले आ.व. २०८१/८२ मा विभिन्न स्थानहरुमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ ।

- मिति २०८० मंसिर १२ गते खैरहनी नगरपालिका चितवनमा एक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । जनजीवन माध्यमिक विद्यालयको सभाहलमा भएको उक्त अन्तरक्रिया कार्यक्रममा खैरहनी नगरपालिका क्षेत्र अन्तर्गत सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरूमा कार्यरत प्रधानाध्यापक, शिक्षक, लेखामा काम गर्ने लेखा प्रमुख तथा प्रतिनिधिहरू गरी करिब ५३ जना सञ्चयकर्ताहरूको सहभागिता थियो ।
- मिति २०८० मंसिर २८ गते मकवानपुरगढी गाउँपालिका सामुदायिक विद्यालयहरूसँग शारदा मा.वि.को सभाहलमा अन्तक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रममा मकवानपुरगढी गाउंपालिका क्षेत्र अन्तर्गत सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरूमा कार्यरत प्रधानाध्यापक., शिक्षक, लेखामा काम गर्ने लेखा प्रमुख तथा प्रतिनिधिहरू गरी करिब ७३ जना सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो ।
- मिति २०८० चैत ९ गते सुनाचुरी ब्यारेक, मकवानपुरमा एक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रममा कोषका कर्मचारीलाई कोषको परिचय, कोषले सञ्चयकर्ताहरूलाई प्रदान गर्ने सेवा सुविधाहरू तथा सो प्राप्त गर्ने प्रक्रिया, व्यक्तिगत KYC, लगायतका विषयमा जानकारी प्रदान गर्नुका साथै सहभागीहरूका विभिन्न जिज्ञासाहरूको समाधान गरिएको थियो






- मिति २०८१ वैशाख ३१ गते श्री मध्य पृतना हे. क्वा. सुपारेटार, मकवानपुरमा नयाँ तथा पुराना सैन्य कर्मचारीहरू सँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

उक्त कार्यक्रमहरुमा कोषले प्रदान गर्ने सेवा सुविधा, डिजिटल फाँटवारी सम्बन्धी जानकारी, कोषद्वारा प्रदान गरिएको धितोमा आधारित कर्जा तथा सापटीका बारेमा जानकारी प्रदान गरिएको थियो ।

## डिजिटल परिचय पत्र वितरण

आ.व. २०८०/८१ को असार मसान्तसम्ममा यस कार्यालयबाट करिब ५ हजार ५ सय विद्युतीय परिचयपत्र वितरण गरिएको छ । मिति २०८० मंसिर २१ गतेदेखि शाखाबाट डिजिटल परिचय पत्र प्रिन्ट गर्ने कार्य शुरू गरिएको हो । सञ्चयकर्ताहरूको लागि पहिलो डिजिटल परिचय पत्र यस शाखाका तत्कालिन कार्यालय प्रमुख हरि कृष्ण कार्कीबाट वितरण गर्ने कार्य शुरू गरिएको थियो । यस कार्य सम्पन्न गर्नको लागि सञ्चयकर्ता सेवा विभाग ठमेलका वरिष्ठ प्रबन्धक श्री राजेन्द्र लामिछानेको नेतृत्वमा कोषको KYC महाशाखा, IT विभागबाट समेत कर्मचारीहरूको प्रतिनिधित्व भएको थियो ।



## शाखा कार्यालय सुर्खेतको नवनिर्मित भवन उद्घाटन

शाखा कार्यालय सुर्खेतको नवनिर्मित भवनको समुद्घाटन २०८० पौष ५ गते कोषका सञ्चालक समितिका अध्यक्ष डा. रामप्रसाद घिमिरेबाट सम्पन्न गरिएको छ । नवनिर्मित भवनको समुद्घाटन गर्दै डा. रामप्रसाद घिमिरेले स्थानीय स्तरमा नै कर्मचारीहरूलाई सेवा दिने उद्देश्यले भाडाको कार्यालयबाट सेवा दिदै आएको कोषले अब आफ्नै भवनबाट सेवा दिने बताउनु भयो । सोही अवसरमा कोषका प्रशासक जितेन्द्र धितालले अप्ठ्यारो स्थितिमा पनि सहजताको साथ काम सम्पन्न भएकोमा खुशी व्यक्त गर्नु भयो ।

कार्यक्रममा प्रशासक जितेन्द्र धिताल, प्रमुख अतिथि नेपाल सरकारका राजश्व सचिव तथा कोष सञ्चालक समितिका अध्यक्ष डा.रामप्रसाद घिमिरे, विशेष अतिथि नेपाल सरकार अर्थ मन्त्रालयका सहसचिव तथा कोषका सञ्चालक जनकराज शर्मा, अतिथिहरूमा सह-प्रशासकद्वय जीवन कुमार कट्वाल र का.मु. सहप्रशासक भरतराज वस्ती लगायत विभागीय प्रमुखहरूको उपस्थिति रहेको थियो ।




सावदले कोषका सेवासुविधामा भएका अद्यावधिक परिवर्तन तथा नेपाली सेनासँग कोषको ऐतिहासिक अन्तरसम्बन्ध बारेमा मन्तव्य राख्नुभएको थियो ।

## रूकुम पश्चिम, सल्यान र वीरेन्द्रनगरमा कोषसम्बन्धी अन्तरक्रिया

शाखा कार्यालय सुर्खेतको आयोजनामा पुष २६ नेपाली सेनाको चण्डीदल गण रूकुम पश्चिम सल्लेमा कोषले प्रदान गर्ने सेवा प्रवाहसम्बन्धी अन्तरक्रिया तथा सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । उपसेनानी त्रय दुर्गा केसी, दिलिप पौडेल र अभिमानसिंह थापाको कमान्डमा नेपाली सेनाको सल्ले ब्यारेकमा कार्यरत २८ जना र नयाँ भर्ना भएका सैन्य ८० जनाको सहभागितामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा कोषको शाखा कार्यालय सुर्खेतका उपप्रबन्धक भरत कुमार




त्यस्तै सल्यानमा पनि सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । सञ्चयकर्ता जहाँ छन् त्यही कोषको सेवा पुऱ्याई सञ्चयकर्ताहरूमा सन्तुष्टि अभिवृद्धि गर्ने उद्देश्यले शाखा कार्यालय सुर्खेतको आयोजनामा नेपाली सेनाको सिद्धिबक्स गण सीमखर्क ब्यारेक सल्यानमा कोषको सेवा प्रवाहसम्बन्धी सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । सेनानी चेतन पौडेलको कमान्डमा नेपाली सेनाको सल्ले ब्यारेकमा कार्यरत उपसेनानी कुमार प्रसाद दाहाल लगायत ब्यारेकमा कार्यरत २९ जना र नयाँ भर्ना भएका सैन्य १०५ जनाको सहभागिता रहेको थियो । त्यसैगरी २०८१ बैशाख १८ मा कर्णाली प्रदेश प्रहरी कार्यालय वीरेन्द्रनगरमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा प्रहरी वरिष्ठ अधिकृतहरू र सकल प्रहरी जवानहरूसहित ८० जना भन्दा बढी सहभागीहरूको उपस्थिति थियो । कार्यक्रमहरूमा कोषले प्रवाह गर्ने वित्तीय सेवा तथा सामाजिक सुरक्षा सुविधा र त्यसको उपभोग प्रक्रियाका बारेमा समेत अन्तरक्रिया कार्यक्रममा जानकारी दिइएको थियो ।

## स्थलगत केवाइसी सम्पन्न

शाखा कार्यालय सुर्खेतबाट नेपाली सेनाको चण्डीदल गण सल्ले ब्यारेक रूकुम पश्चिममा स्थलगत केवाइसी अपडेट गर्ने कार्य सम्पन्न गरिएको छ । उक्त गणमा नयाँ भर्ना भएका सैन्यहरूको KYC भरिनुका साथै उक्त अवसरमा अन्य बहालवाला अधिकारीहरूको समेत KYC Update लगायत

कार्यहरू गरिएको थियो । ८० जना नयाँ तथा २८ जना पुराना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको थियो ।

त्यसैगरी नेपाली सेनाको सिद्धिबक्स गण सीमखर्क ब्यारेक, सल्यानमा स्थलगत केवाइसी अपडेट गर्ने कार्य सम्पन्न गरियो । सेनाको उक्त गणमा नयाँ भर्ना भएका सैन्यहरूको KYC भरिनुका साथै उक्त अवसरमा अन्य बहालवाला अधिकारीहरूको समेत KYC Update गरिएको थियो । १०५ जना नयाँ तथा २९ जना पुराना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरियो ।

### तालिम कार्यक्रम सम्पन्न

शाखा कार्यालय सुर्खेतद्वारा मिति २०८१ असार १५ मा AML/CFT र भूमि प्रशासन तथा मालपोत प्रशासनसम्बन्धी एक दिने तालिम कार्यक्रम सञ्चालन गरिएको छ । कर्मचारीहरूको ज्ञान, सीप र मनोबल बढाई सेवाका प्रवाह र कार्य वातावरणमा गुणत्मक सुधार गरी सुशासन कायम गर्ने उद्धेश्यले शाखा कार्यालय, सुर्खेतमा कार्यरत स्थायी कर्मचारीहरु र करार सेवाका कर्मचारीहरूको सहभागितामा कोषको सामाजिक सुरक्षा सुविधा, सुशासन प्रवर्द्धन तथा सम्पत्ति शुद्धीकरण निवारण र धितोमा आधारित सञ्चयकर्ता सापटीको सुरक्षार्थ लिइने जग्गा तथा घरजग्गाको भूमि तथा मालपोत प्रशासन सम्बन्धी विषय विज्ञ मार्फत प्रशिक्षण सम्पन्न भएको छ । उक्त तालिममा कोषको सामाजिक सुरक्षा सुविधा सम्बन्धमा शाखा कार्यालय, सुर्खेतका कार्यालय प्रमुख एवं वरिष्ठ प्रबन्धक श्री ध्रुब प्रसाद तिवारी, मुख्य न्यायाधिवक्ता कार्यालय, सुर्खेतका उप-न्यायाधिवक्ता श्री डम्बर प्रसाद काफ्ले र मालपोत कार्यालयका प्रमुख श्री जनक बहादुर हमालले तालिम प्रदान गर्नुभएको थियो ।

## शाखा कार्यालय कोहलपुर

### अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय कोहलपुरले लुम्बिनी प्रदेश प्रहरी अस्पताल बाँकेमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । सञ्चयकर्ताहरूलाई कोषको सेवा सुविधाहरूको बारेमा जानकारी गराउने उद्देश्यले सो कार्यक्रम गरिएको हो । कार्यक्रममा प्रदेश प्रहरी अस्पताल प्रमुख तथा अन्य वरिष्ठ प्रहरी अधिकृतहरू र सकल प्रहरी जवानहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा शाखा कार्यालय कोहलपुरबाट प्रवाह हुने सेवा सुविधाहरूको बारेमा जानकारी गराउनुका साथै कोषले लागू गरेको स्वास्थ्य उपचार सोधभर्ना कार्यक्रमको बारेमा विस्तृत रूपमा जानकारी गराइएको थियो । उक्त कार्यक्रममा प्रहरी अस्पताल प्रमुख श्री अच्युत बिक्रम हमाल र अन्य वरिष्ठ अधिकृतहरूको सहभागिता रहेको थियो भने कोषको तर्फबाट उप-प्रबन्धक नविन पौडेल, सहायक प्रबन्धक टेक बहादुर के.सी. र सहायक प्रबन्धक उमेशराज भट्टले प्रस्तुतीकरण एवं सञ्चयकर्ताहरूको जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा करिव ४० जनाको सहभागिता रहेको थियो ।

त्यस्तै दाङको घोराहीस्थित माउण्ट भ्यू स्कुलमा उक्त स्कुलका प्राचार्य लगायत करिव ७५ जना शिक्षक एवं कर्मचारीहरूको उपस्थितिमा कोषले शाखा कार्यालयबाट प्रवाह गरेका सापटी सुविधाहरू, सामाजिक सुरक्षा सुविधाहरू र अन्य सेवाहरूको बारेमा सहभागीहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रमपश्चात् करिव ६५ जना सञ्चयकर्ताहरूको अनसाईट KYC अद्यावधिक गर्ने कार्य पनि सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा कोषको तर्फबाट उप प्रबन्धक नविन पौडेल र सहायक प्रबन्धक टेक ब. के.सी.ले प्रस्तुतीकरण दिनु भएको थियो ।

त्यस्तै मिति २०८१ जेठ २५ मा नेपाली सेनाको बर्द बहादुर गण खलंगा प्युठानमा उक्त गणका गणपति वरिष्ठ अधिकृतहरू लगायत करिव १२० जनाको उपस्थितिमा कोषले शाखा कार्यालयबाट प्रवाह गरेका सापटी सुविधाहरू, सामाजिक सुरक्षा सुविधाहरू र अन्य सेवाहरूको बारेमा सहभागीहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । सो कार्यक्रम पश्चात् १०८ जना सञ्चयकर्ताहरूको अनसाईट KYC अद्यावधिक गर्ने कार्य पनि सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा कोषको तर्फबाट उप प्रबन्धक नविन पौडेलले अन्तरक्रिया एंव प्रस्तुतीकरण गर्नुभएको थियो ।



# शाखा कार्यालय धनगढी

## सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम

शाखा कार्यालय धनगढीले मिति २०८० मंसिर १२ मा कैलाली जिल्लास्थित सशस्त्र प्रहरी बल, बडिमालिका जवान तालिम शिक्षालयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा करिब ६० जना तालिमरत जुनियर अधिकृतहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरूले कोषको सेवा र सुविधा सम्वन्धमा राखेको जिज्ञाशा तथा गुनासोलाई सम्वोधन गरिएको थियो ।

२०८० फागुन १२ र १३ गते डोटी जिल्ला, सिलगढीस्थित नेपाली सेनाको भैरव प्रसाद गणमा नयाँ नियुक्त र कार्यरत सैनिक अधिकारीहरू समक्ष कोषले प्रदान गर्ने सञ्चयकर्ता सापटी, कर्जा र सामाजिक सुरक्षा लगायत सुविधा र सो प्राप्त गर्ने प्रक्रिया सम्बन्धमा शाखा कार्यालय धनगढीका का.मु सहायक प्रबन्धक वेद प्रकाश रावल र सहायक संघर्ष श्रेष्ठले प्रस्तुतीकरण गर्नु भएको थियो । कार्यक्रममा सहभागी नेपाली सेनाको अधिकृत र जवानहरूले कोषको सेवा सुविधा र सो प्राप्त गर्ने सम्बन्धमा राखेको जिज्ञासा तथा गुनासोलाई सम्बोधन गर्नु भएको थियो ।

मिति २०८० चैत २८ गते कञ्चनपुर जिल्लास्थित दोधरा चाँदनी नगरपालिका र नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूसँग कोषले प्रदान गर्ने सेवा सुविधाबारे प्रचारप्रसारका लागि सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा नगरपालिकाका र नगरपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरू, सामुदायिक विद्यालयका प्राध्यापक र विद्यालयका लेखाका कर्मचारीहरू सहित करिब ७० जनाको सहभागिता रहेको थियो ।






त्यसैगरी सुदुरपश्चिम प्रदेशको बन बेहडा र टिकापुर कैलालीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । मिति २०८१ जेठ १९ गते बनबेहडा कैलालीस्थित सशस्त्र प्रहरी बल बडिमालिका तालिम शिक्षालयमा नयाँ भर्ना छनौट भएका १११ सञ्चयकर्ताहरूलाई कोषले प्रदान गर्ने सेवा सुविधाहरूबारे आधारभूत जानकारी पनि प्रदान गरिएको थियो । उक्त कार्यक्रमलाई प्रमुख सहायक रूपराज शर्मा र सहायक संघर्ष श्रेष्ठले सहजीकरण गर्नुभएको थियो ।

## Onsite-KYC अद्यावधिक कार्य सम्पन्न

शाखा कार्यालय धनगढीद्वारा Onsite KYC अद्यावधिकीकरण तथा डिजिटल परिचयपत्र वितरणलाई अभियान कै रूपमा अघि बढाएको छ ।

मिति २०८० आश्विन ५ र ६ गते डोटी जिल्ला, राजपुरस्थित नेपाली सेनाको नं. ५ बाहिनी अड्डामा Onsite-KYC तथा डिजिटल परिचयपत्र वितरण कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा बाहिनी अड्डाका नव नियुक्त सैन्य दर्जाहरूको व्यक्तिगत KYC अद्यावधिक गरी कोषले पछिल्लो समयदेखि प्रदान गर्दै आएको डिजिटल सञ्चयकर्ता परिचयपत्र वितरण पनि गरेको हो । सो अवसरमा कुल १०६ जना सञ्चयकर्ताको KYC अद्यावधिक गर्नुको साथै ९९ जना सञ्चयकर्तालाई डिजिटल परिचयपत्र वितरण गरेको हो ।

मिति २०८० असोज १७ गते देखि मिति २०८० असोज २० गते सम्म सूदुरपश्चिम प्रदेशको अछाम, बाजुरा र डडेल्धुरा जिल्लास्थित गोरख बक्स गण, मंगलसेन, दुर्गा भञ्जन गुल्म, मार्तडी र रणबम गण, डडेल्धुरा मा ३२० जना सैनिक जवानहरूको KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरेको छ ।

२०८० फागुन १२ र १३ गते डोटी जिल्ला, सिलगढीस्थित नेपाली सेनाको भैरव प्रसाद गणमा Onsite-KYC अद्यावधिक कार्य सम्पन्न गरेको छ । गणका नवनियुक्त करिब ११० शैन्य कर्मचारीहरूको व्यक्तिगत KYC अद्यावधिक गरिएको हो ।

मिति २०८१ वैशाख २२ गते कैलाली जिल्लास्थित तेघरी ब्यारेकमा KYC अद्यावधिक तथा विद्युतीय परिचयपत्र वितरण गर्ने कार्य गरिएको छ । उक्त कार्यक्रममा १०३ जना सञ्चयकर्ताको KYC अद्यावधिक तथा करिव ५० वटा विद्युतीय परिचयपत्र वितरण गर्ने कार्य सम्पन्न भएको थियो ।

मिति २०८१ जेठ १९ गते बनबेहडा कैलालीस्थित सशस्त्र प्रहरी बल बडिमालिका तालिम शिक्षालयमा नयाँ भर्ना छनौट भएका १११ सञ्चयकर्ताहरूको KYC विवरण अद्यावधिक गरिएको थियो ।

मिति २०८१ असार ८ गते टिकापुर कैलालीस्थित राजश्व भन्सार तथा औद्योगिक तालिम शिक्षालयमा नयाँ भर्ना छनौट भएका १२२ सञ्चयकर्ताहरूको KYC अद्यावधिक गरिएको थियो । त्यस्तै सोही मितिमा २५ नं. बाहिनीमा नयाँ नियुक्त भएका करिब १०५ जना सैनिक जवानको Onsite KYC र करिव २४० जना सैनिकलाई Onsite डिजिटल परिचयपत्र वितरण गरिएको थियो ।

## सकरात्मक सोच विषयक कार्यक्रम सम्पन्न

मिति २०८१ जेठ २६ गते शाखा कार्यालय धनगढीमा सकरात्मक सोच विषयक कार्यक्रम सञ्चालन गरिएको छ । कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई सकरात्मक सोच, योग तथा जीवन जिउने कला बिषयक कार्यक्रम The Art of Living का प्रशिक्षकबाट प्रदान गर्ने कार्य सम्पन्न भयो । उक्त अवसरमा मानव जीवनमा योग ध्यानको महत्व विषयमा कार्यालय प्रमुख राजेन्द्र लामिछानेले आफ्नो धारणा राख्नु भएको थियो ।

## ज्ञान आदान प्रदान तथा प्रशिक्षण कार्यक्रम

मिति २०८१ असार २२ मा शाखा कार्यालय धनगढीमा कार्यरत कर्मचारीहरूका बीचमा ज्ञान आदान प्रदान गर्ने कार्य गरिएको छ । उक्त कार्यक्रममा कार्यालय प्रमुख राजेन्द्र लामिछानेले कोषको समग्र सेवा प्रवाहको अवस्था, विद्यमान समस्या चुनौती तथा कोषका भावी योजनाहरूका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । सोही कार्यक्रममा धनगढी कार्यालयबाट प्रवाह गर्ने सेवा तथा सुविधाका बिषयमा सम्बन्धित जिम्मेवारीमा रहनु भएका क्रमशः सहायक प्रवन्धक देवकी भट्ट, सहायक प्रवन्धक तारा कुमारी जोशी, सहायक प्रवन्धक रूपराज शर्मा र प्रमुख सहायक नमराज विष्टले प्रस्तुतीकरण गर्नुभएको थियो ।

## प्रस्तुतीकरण तथा छलफल

शाखा कार्यालय धनगढीका प्रमुख राजेन्द्र लामिछानेले दुई वटा छुट्टा छुट्टै कार्यक्रममा कोषसम्बन्धी प्रस्तुतीकरण दिनु भएको छ । मिति २०८१ साउन १ मा सुदुर पश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिब डा. हरि प्रसाद लम्सालको अध्यक्षतामा बसेको प्रदेश सचिवहरूको बैठकमा कार्यालय प्रमुख राजेन्द्र लामिछानेले कोषको सेवा, सुविधा, कोषको वर्तमान अवस्था र प्रदेश तथा स्थानीय सरकारसँग कोषको अपेक्षा सम्बन्धमा प्रस्तुति तथा छलफल कार्यक्रम गर्नुभएको थियो । त्यस्तै मिति २०८१ भाद्र ५ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको कैलाली जिल्लास्थित संघीय कार्यालयका प्रमुखहरूको बैठकमा कार्यालय प्रमुख राजेन्द्र लामिछानेले कोषको सेवा, सुविधा, कोषको वर्तमान अवस्था र संघीय, प्रदेश तथा स्थानीय सरकारसँग कोषको अपेक्षा सम्बन्धमा प्रस्तुति तथा छलफल गर्नुभएको थियो ।





# शाखा कार्यालय बुटवल

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

शाखा कार्यालय बुटवलले आफ्नो क्षेत्र अन्तर्गतका विभिन्न सञ्चयकर्ता कार्यालयहरूमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।



मिति २०८० कार्तिक २२ मा श्री नं. २ सैन्य तालिम केन्द्र, सैनामैना, रुपन्देहीमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । सो कार्यक्रममा शाखा कार्यालय बुटवलका कर्मचारीद्वारा श्री नं. २ सैन्य तालिम केन्द्रमा तालिमरत नेपाली सेनाका सैन्य कर्मचारीहरूलाई कोषको परिचय, उपयोगिता, कोषले सन्चयकर्ताहरूलाई प्रदान गर्ने सुविधाहरू तथा सो को प्रक्रिया, व्यक्तिगत KYC लगायतका विषयमा अभिमुखीकरण गर्नुका साथै सहभागीहरूका विभिन्न जिज्ञासाहरूको बारेमा जानकारी प्रदान गरिएको थियो ।

मिति २०८० फागुन २१ मा श्री शम्शेर दल गण, गोरूसिङ्गे, कपिलबस्तुमा आयोजित सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा सो गणमा कार्यरत नेपाली सेनाका सैन्य कर्मचारीहरूलाई कोषको परिचय, उपयोगिता, कोषले सञ्चयकर्ताहरूलाई प्रदान गर्ने सुविधाहरू तथा सो को प्रक्रिया, व्यक्तिगत KYC, लगायतका विषयमा अभिमुखीकरण गर्नुका साथै सहभागीहरूका विभिन्न जिज्ञासाहरूको समाधान गरिएको उक्त अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा करिब ८० जना सैन्य कर्मचारीहरूको सहभागिता रहेको थियो ।

त्यस्तै मिति २०८० फागुन २६ श्री गोरखदल गण, रामग्राम, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) र मिति २०८० चैत २ गते श्री लक्ष्मी स्टिल्स लि., सुनवल न.पा., नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) मा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । सो अवसरमा उक्त कार्यालयमा कार्यरत करिब ८५ जना सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो ।

मिति २०८१ जेष्ठ ८ गते शुद्धोधन गाउँपालिकाको कार्यालय , रुपन्देहीमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । सो गाउँपालिका अन्तर्गत रहेका विद्यालयका प्रधानाध्यापक तथा सहभागी शिक्षक सञ्चयकर्ताहरूलाई कोषको परिचय, कोषबाट सञ्चयकर्ताहरूलाई प्राप्त हुने वित्तीय सुविधा, सामाजिक सुरक्षा सुविधा तथा अन्य सेवाहरू र सोको प्रक्रिया लगायतका विषयमा जानकारी प्रदान गरिएको थियो ।

मिति २०८१ आषाढ ८ गते श्री सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा तालिम शिक्षालय, बर्दघाट नवलपरासी (ब.सु.प.) मा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा सशस्त्र प्रहरी सेवामा नवनियुक्त सञ्चयकर्ताहरूलाई कोष बारे विविध जानकारी प्रदान गरिएको थियो ।

## Onsite KYC अद्यावधिक कार्यक्रम सम्पन्न

मिति २०८० फागुन २१ मा श्री शम्शेर दल गण, गोरूसिङ्गे, कपिलबस्तुमा Onsite KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरिएको छ ।

मिति २०८० फागुन २६ श्री गोरखदल गण, रामग्राम, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) करिब १०० जना सञ्चयकर्ताहरूको KYC अद्यावधिक गरिएको छ ।

मिति २०८० चैत २ गते श्री लक्ष्मी स्टिल्स् लि., सुनवल न.पा., नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) मा ८५ जना सञ्चयकर्ताहरु Onsite KYC अद्यावधिक गर्ने कार्य समेत सम्पन्न गरिएको थियो ।

मिति २०८१ आषाढ ८ गते श्री सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा तालिम शिक्षालय, बर्दघाट नवलपरासीमा नवनियुक्त सञ्चयकर्ताहरूको Onsite KYC अद्यावधिक गर्ने कार्यक्रम समेत सम्पन्न गरिएको छ ।



# शाखा कार्यालय पोखरा

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय पोखराद्वारा मिति २०८० मंसिर २१ गते पोखरा ५ मालेपाटनस्थित सशस्त्र प्रहरी बलको कालिका गणमा अभिमुखीकरण तथा अन्तरकिया कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रममा उपस्थित कालिका गणमा कार्यरत गणप्रमुख र लेखाप्रमुख लगायतका सञ्चयकर्तालाई कोषका प्रतिनिधि कर्मचारीहरू सहायक प्रवन्धक महेन्द्र पन्थी तथा विकास ज्ञवालीले कालिका गणको विद्यासदन सभाहलमा कोषको सेवा सुविधा, सापटी, KYC र डिजिटल परिचयपत्रसम्बन्धी जानकारी प्रदान गर्नुका साथै सञ्चयकर्ताबाट राखिएका जिज्ञासाहरूका उत्तर समेत दिइएको थियो । उक्त कार्यक्रममा कुल १०० जनाको उपस्थिति थियो ।

त्यस्तै मिति २०८० फागुन ९, १६ र १७ गते कास्की जिल्ला, मिति २०८० फागुन २७ देखि २९ सम्म बाग्लुङ र तनहुँ जिल्ला र मिति २०८० चैत्र ७ देखि १० सम्म लम्जुङ्, तनहुँ र गोरखाका विभिन्न कार्यालयमा कर्मचारी सञ्चय कोषबाट प्रवाह हुने सेवा सुविधा र सोको प्रक्रियासम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । त्यसैगरी मिति २०८० जेठ ३१ मा सशस्त्र प्रहरी बल, नेपाल हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय, लामापाटन, कास्कीमा अभिमुखीकरण एवं अन्तरकिया कार्यक्रम सम्पन्न गरिएको छ । सो अवसरमा कोषबाट प्रवाह हुने सेवा सुविधा र सोको प्रक्रियासम्बन्धी जानकारी प्रदान गरिएको थियो ।



## KYC अद्यावधिक कार्य सम्पन्न

शाखा कार्यालय पोखराले KYC अद्यावधिकीकरण गर्ने कार्यलाई तीव्र रूपमा अघि बढाएको छ । यसै क्रममा मिति २०८० असोज ६ र ७ गते शत्रुभञ्जन गुल्म, अर्थङ्गे ब्यारेक म्याग्दीमा व्यक्तिगत KYC अद्यावधिक गरियो । त्यसैगरी असोज १६ र १७ नं. २३ बाहिनी अड्डा, शेराडील ब्यारेक बाग्लुङमा व्यक्तिगत KYC अद्यावधिक एवं अन्तरकिया कार्यक्रम सम्पन्न भयो । त्यस्तै असोज १८ र १९ गते नं. ३ बाहिनी अड्डा खैरेनीटार ब्यारेक तनहुँमा व्यक्तिगत KYC अद्यावधिक एवं अन्तरकिया कार्यक्रम सम्पन्न गरियो ।

यस्तै मिति २०८० फागुन ९, १६ र १७ गते श्री भगवती दल गण पोखरा, श्री पश्चिम पृतना विजयपुर पोखरा र श्री रेन्जर गण कास्की मा ३१५ जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरिएको छ । त्यसैगरी मिति २०८० फागुन २७ देखि २९ गतेसम्म श्री मेहर गण घोडावाधे बाग्लुङ्ग र श्री कालिभञ्जन गण (ई) चापाघाट तनहुँमा २२५ जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरिएको छ । मिति २०८० चैत्र ७ देखि १० सम्म श्री रूरू भैरवदल गण हात्तिचौर ब्यारेक तनहुँ, श्री चण्डी प्रसाद गण उदिपुर ब्यारेक लम्जुङ्ग र श्री रिपुमर्दन गण नाम्जालीडाँडा ब्यारेक गोरखामा ३२० जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरिएको छ ।

## प्रशिक्षण कार्यक्रम सम्पन्न

शाखा कार्यालय पोखराद्वारा २०८१ जेठ २५ मा कार्यरत कोषका कर्मचारीहरूको ज्ञान तथा सीप विकासको लागि तालिम कार्यक्रम सञ्चालन गरिएको छ । पेशागत दक्षता अभिवृद्धि गर्न उनीहरूलाई नियमितरूपमा तालिममा सामेल गराउने उद्देश्यअनुरूप नापी कार्यालय, कास्कीका इन्जिनियर श्री शोभा आचार्यलाई बाह्य विज्ञको रूपमा आमन्त्रण गरी कर्मचारीहरूलाई कोषबाट सञ्चयकर्तालाई प्रदान गरिने धितोमा आधारित सापटीसम्बन्धी १ दिने पेशागत ज्ञान तथा सीप विकास तालिम सञ्चालन भएको छ । उक्त कार्यक्रमले शाखामा कार्यरत कर्मचारीहरूको मनोबल तथा आत्मविश्वास बढाउने विश्वास लिइएको छ ।



# शाखा कार्यालय जनकपुर

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय जनकपुरको आयोजनमा विभिन्न स्थानहरूमा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको छ । मिति २०८० असोज २६ गते श्री भगवती वक्स गण ढूलीटार, सिन्धुलीमा, मिति २०८० कार्तिक २४ गते खड्ग नगरपालिका कल्याणपुर, सप्तरीमा, मिति २०८० फागुन १२ गते श्री १. राजदल गण धारापानी, धनुषामा र मिति २०८० फागुन २५ गते श्री नं. ९ बाहिनी अड्डा सिन्धुलीमा गरी जम्मा ४ वटा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरिएको छ । सोही क्रममा ३९० सञ्चयकर्ताहरूको सहभागितामा कोषबाट प्रवाह हुने सेवा सुविधा तथा अनलाईन कारोबारसम्बन्धी जानकारी प्रदान गरिएको थियो । सो अवसरमा आई पोर्टल, अनलाईन सापटी र विद्युतीय फाँटवारी र KYC लगायतका विषयमा छलफल भएको थियो । उक्त अन्तरक्रिया कार्यक्रमले सञ्चय कोषसँग सम्बन्धित धेरै समस्याहरूको समाधान भएको भन्ने सञ्चयकर्ताहरूको राय रहेको थियो र आगामी दिनमा पनि यस्ता कार्यक्रम लिएर आउनु पर्ने सञ्चयकर्ताकरूको माग रहेको थियो ।



## KYC अद्यावधिकीकरण तथा विद्युतीय परिचयपत्र वितरण

शाखा कार्यालय जनकपुरले Onsite KYC र विद्युतीय वितरण कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाएको छ । यसै क्रममा मिति २०८० चैत ३ मा सर्लाही कार्यालयको वागमती नगरपालिकामा, मिति २०८० चैत ५ गते बरहथवा नगरपालिका अन्तर्गतका विद्यालय शिक्षकहरूलाई बरहथवा नगरपालिकामा, मिति २०८० चैत १० गते चर्तुभुजेश्वर मा.वि. सुकेपोखरी सर्लाहीमा, मिति २०८० चैत ११ गते मध्यपूर्वी पृतना हेड क्वाटर बर्दिबास, महोत्तरीमा, मिति २०८० चैत १२ गते श्री सगरमाथा जनता मा.वि. ओखलढुङ्गामा र मिति २०८० चैत २४ गते सोनमा गाँउपालिका वडा नं. १ जनउत्थान आधारभूत विद्यालय महोत्तरीमा गरी जम्मा ६ वटा कार्यक्रममा जम्मा ७०६ जना सञ्चयकर्ताहरूको KYC सम्पन्न गरी विद्युतीय परिचयपत्र वितरण गरिएको छ ।





# सेवा केन्द्र धनकुटा

## घुम्ती सेवा सञ्चालन

शाखा कार्यालय धनकुटाले संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीमा फागुन ११ र १२ गते दुई दिवसीय घुम्ती सेवा सञ्चालन गरेको छ । शाखा कार्यालय धनकुटाको आयोजनामा जिल्ला प्रशासन कार्यालयमा सुरू भएको घुम्ती सेवाबाट सात सय ७८ जना सञ्चयकर्ता लाभान्वित भएका छन् । सो अवसरमा सञ्चयकर्ता डिजिटल परिचयपत्र वितरण तीन सय ७७ जना, नयाँ परिचय पत्र नम्बर वितरण ११ जना, Individaul KYC विवरण अद्यावधिक ३७२ जना, Office KYC Update ५ जना, DTA मार्फत विशेष सापटी १ जना, DTA मार्फत छुट भुक्तानी १ जना, सुत्केरी तथा शिशु स्याहार सुविधा १३ जना, कोषकट्टी रकमा खाता एकीकरण ८ जना गरी कुल सात सय ७८ जना सञ्चयकर्ताले सेवा लिएका थिए ।

## अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न

सेवा केन्द्र धनकुटाले संखुवासभाको खाँदबारीमा फागुन ११ गते एक अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । सो कार्यक्रममा संखुवासभा तथा वरपरका कार्यालयबाट ८५ जनाको सहभागिता रहेको थियो । सो अवसरमा कोषले प्रदान गर्ने सेवा सुविधाका बारेमा सोधिएका जिज्ञासाको समाधान समेत गरिएको थियो । कोषका तर्फबाट कार्यक्रममा छ जना कर्मचारी सहभागी हुनु भएको थियो ।



## KYC अद्यावधिक कार्य सम्पन्न

सेवा केन्द्र धनकुटाले आ.व. २०८०/८१ मा विभिन्न स्थानहरूमा KYC अद्यावधिकीकरण कार्य सञ्चालन गरेको छ ।

मिति २०८० असोज २२ र २३ गते भीमदल गण धनकुटा र बाहिनी २ मा क्रमशः १०४ र २०५ जना नयाँ सञ्चयकर्ताहरूको On-site KYC Update कार्य सम्पन्न गरियो ।

मिति २०८० पुस ९ गते भोजपुरस्थित नेपाली सेनाको श्री नयाँ श्रीनाथ गणमा ९१ जना संचयकर्ताको onsite KYC अद्यावधिकीकरण गरिएको छ ।

मिति २०८१ जेठ ५ मा श्री श्रीनाथ गण भोजपुरमा KYC Update कार्य सम्पन्न गरिएको छ । सो अवसरमा २५४ जनालाई Digital Card वितरण समेत गरिएको थियो ।



मिति २०८१ जेठ २५ मा तेह्रथुम जिल्लामा अवस्थित श्री शत्रुमर्दन गुल्म मा ८३ जनालाई तथा २०८१ जेठ २६ मा जिल्ला प्रहरी कार्यालय तेह्रथुम मा १३७ जनाको KYC Update कार्य गरियो ।

मिति २०८१ असार १ गते श्री नं. २ बाहिनी अड्डा हिले धनकुटामा अन्तक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । सो अवसरमा KYC Update सहित Digital Card ३२७ जनालाई वितरण गरियो ।

मिति २०८१ असार १५ गते कार्यालयमा नै छिन्ताङ शसस्त्र प्रहरी गुल्म तथा भिमदल गण सल्लेरी धनकुटाका सञ्चयकर्तालाई सेवा केन्द्रबाट ५७ जनालाई Digital Card वितरण गरिएको छ ।

# कर्मचारी संगठनहरूका गतिविधि

## नेपाल वित्तीय संस्था कर्मचारी संघ

मुलुकको वित्तीय क्षेत्रमा स्थापित सार्वजनिक संस्थाहरू मध्ये प्रतिष्ठित संस्था कर्मचारी सञ्चय कोषमा क्रियाशिल ट्रेड युनियनहरू मध्ये नेपाल वित्तिय संस्था कर्मचारी संघ श्रम ऐन, २०७४ र ट्रेड यूनियन ऐन, २०४९ अनुसार बैकिङ कर्मचारी कांग्रेस हुँदै २०४७ चैत्र २२ गते स्थापित भएको हो । यो संस्था राष्ट्रिय स्तरमा ट्रेड यूनियन कांग्रेस र अन्तर्राष्ट्रिय स्तरमा यूनियन नेटवर्क इन्टरनेशनलसँग आवद्ध फियन राष्ट्रिय समिति मातहत रही कार्य गर्दै आइरहेको छ । नेपाल वित्तीय संस्था कर्मचारी संघले प्रतिष्ठान स्तरमा स्थापित ट्रेड यूनियनहरूमाझ आफ्नो अग्रणी र सक्रिय उपस्थिति कायम गर्दै आइरहेको छ भने कोषको संस्थागत हक हित र कर्मचारीको पेशागत हक हितको पक्षमा सदैव नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ । संघद्वारा पछिल्लो आ.ब.मा सञ्चालित मुख्य गतिविधिहरू यस प्रकार रहेका छन् :

### शाखा कार्यालय भ्रमण तथा अन्तरक्रिया

नेपाल वित्तीय संस्था कर्मचारी संघ, कर्मचारी सञ्चय कोषको केन्द्रीय पदाधिकारीहरूको टोलिले मिति २०८० असोज ०७ गते देखि असोज ११ गते सम्म कोषका शाखा कार्यालयहरू पोखरा, बुटवल, कोहलपूर, सुर्खेत र धनगढीको भ्रमण गरी संस्थागत तथा कर्मचारीका समस्याहरूबारे अन्तरक्रिया सम्पन्न गरेको छ । छलफलका क्रममा शाखा कार्यालयका समस्या तथा शाखामा कार्यरत कर्मचारीका गुनासोलाई व्यवस्थापन समक्ष पुऱ्याई समस्या समाधानका लागि निरन्तर ध्यानाकर्षण गरिएको छ ।

### शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

मिति २०८० असोज ९ गते नेपाल सरकारका पूर्व अर्थराज्यमन्त्री, नेपाली काँग्रेसका केन्द्रीय सदस्य माननीय उदय शम्सेर ज.ब.रा.को प्रमुख आतिथ्यतामा नेपालीहरूको महान चाड बिजया-दशमी, भाईटिका, छठ तथा सम्पूर्ण चाडपर्वहरूको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमको अध्यक्षता अध्यक्ष बद्रीराज खड्काले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन महासचिव खिम बहादुर खड्काले गर्नुभएको थियो । उक्त कार्यक्रममा वरिष्ठ उपाध्यक्ष बल बहादुर कुँवरले स्वागत मन्तब्य राख्नुभएको थियो भने विशेष अतिथि तथा नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्र कुमार कुँवरले समग्र ट्रेड युनियन बदलिदो परिस्थिति अनुसार बदलिनुपर्ने धारणा राख्नुभएको थियो । प्रमुख अतिथि राणाले सञ्चय कोष जस्तो ठूलो संस्थाले आफ्नो लगानीलाई देशको पूर्वाधार विकासमा लगाउनुपर्नेमा जोड दिदै संस्थाले ट्रेड युनियनको उपयोग सही तरिकाले गर्न सकेमा संस्थागत उन्नयनमा महत्वपूर्ण भुमिका रहने समेत बताउनुभयो ।



प्रमुख अतिथिलाई स्वागत तथा शुभकामना आदान प्रदान कार्यक्रममा सहभागिहरु

### प्रबन्ध निर्देशक आचार्यलाई बधाई ज्ञापन

कोषद्धारा प्रवद्धित वेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लि. का नवनियुक्त प्रबन्ध निर्देशक तथा कोषका पूर्व प्रशासक श्री कृष्ण प्रसाद आचार्यसंग संघको टोलिले मिति २०८० माघ २१ गतेका दिन अन्तरक्रिया सम्पन्न गरिएको छ । सो कार्यक्रममा संघका अध्यक्ष बद्रीराज खड्काले प्रबन्ध निर्देशक आचार्यलाई बधाई दिदै कार्य सफलताको शुभकामना दिनुभयो । साथै सञ्चयकर्ताको लगानी रहेको उक्त कम्पनीबारेको वास्तविक अवस्थाको जानकारी लिदै आयोजना समयमै सम्पन्न गर्न रहेका चुनौतीको सामना गरी चुनौतीलाई अवसरमा बदल्न संघले गर्नुपर्ने सहयोगका लागि तयार रहेको प्रतिबद्धता समेत संघका अध्यक्ष खड्काले ब्यक्त गर्नुभयो । प्रबन्ध निर्देशक आचार्यले वेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर सञ्चयकोषको पहिचान बनाउनुपर्ने र यसका लागि सबैको साथ सहयोग जरूरी रहेको धारणा व्यक्त गर्नुभयो ।

### १७ औं केन्द्रीय सभा सम्पन्न

नेपाल वित्तीय संस्था कर्मचारी संघ, कर्मचारी सञ्चय कोषको १७ औं केन्द्रीय सभा चितवनको सौराहामा मिति २०८० फाल्गुण २८ र २९ गते सम्पन्न भएको छ । उक्त कार्यक्रमको प्रमुख अतिथिका रूपमा रहनुभएका प्रतिनिधि सभा सदस्य

तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य युवा नेता प्रदीप पौडेलको साथै नेपाली कांग्रेस चितवन जिल्ला सभापति राजेश्वर खनालले खुला सत्रको उद्घाटन गर्नुभएको थियो भने कार्यक्रमको विशेष अतिथिका रूपमा कोषका प्रशासक जितेन्द्र धिताल रहनुभएको थियो । संघका सभामुख महेन्द्रनाथ भट्टराईको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन संघका महासचिव खिम बहादुर खड्काले गर्नुभएको थियो । उक्त सभाको बन्द सत्रमा यस संघप्रति आस्थावान कोषको विभिन्न कार्यालयहरूमा कार्यरत झण्डै १३० भन्दा बढी सहभागी सदस्यहरूबीचमा संघको सांगठनिक प्रतिवेदन संघका महासचिव खिम बहादुर खड्का तथा आर्थिक प्रतिवेदन संघका कोषाध्यक्ष ईश्वर श्रेष्ठले पेश गर्नुभएको थियो । उक्त प्रतिवेदनहरूमा सहभागी सदस्यहरूले उठाएका प्रश्नहरूको जवाफ दिएर सर्वसम्मत रूपमा प्रतिवेदन पास भएको थियो । यही अवसरमा कोषमा लामो समय सेवा गरी अवकाश हुनुभएका यस संघका शुभचिन्तक तथा आस्थावान १६ जना अग्रजहरूलाई प्रमुख अतिथिबाट मायाको चिनो प्रदान गरी सम्मान प्रकट समेत गरिएको थियो । बन्द सत्रमा सहभागीबीच संस्थागत चिन्तन तथा आफूले कार्यसम्पादनको क्रममा भोग्नुपरेका समस्याहरू बारे पनि घनिभूत छलफल भएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाली काँग्रेसका युवा नेता प्रदीप पौडेलले नेपाल वित्तीय संस्था कर्मचारी संघ, कर्मचारी सञ्चय कोष जस्ता सशक्त ट्रेड युनियनलाई संस्थाले सही उपयोग गरेमा ट्रेड युनियनको मर्म स्थापित हुने यसबाट संस्थालाई समेत फाइदा हुनेमा जोड दिनुभयो । साथै बदलिदो परिस्थितिमा ट्रेड युनियनलाई विभिन्न राजनीतिक दलले हेर्ने दृष्टिकोण फरक रहेपनि आफ्नो दल यसमा स्पष्ट रहेको र संघले तथा कोषले आवश्यकतानुसार मागेको सहयोग गर्न दल प्रतिबद्ध रहेको जानकारी समेत गराउनुभयो । साथै विशिष्ट अतिथि कोषका प्रशासक जितेन्द्र धितालले कोष संस्थामा क्रियाशील युनियनसँग सहकार्य गर्दै अघि बढेको र आगामी दिनमा समेत युनियनलाई संस्थागत उन्नयनमा लाग्न प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्नुभयो । यस्ता कार्यक्रमले आम कर्मचारीमा पुर्नताजगी ल्याई संस्थागत चिन्तनका माध्यमबाट संस्थाको लक्ष्य तथा उद्देश्य हासिल गर्न समेत सहयोगी हुने देखिन्छ ।



**कोषका प्रशासकबाट संघको १७ औं केन्द्रीय सभालाई सम्बोधन र कार्यक्रममा सहभागीहरु**



**सौराहामा सम्पन्न संघको १७ औं केन्द्रीय सभालाई सम्बोधन गर्नुहुँदै काँग्रेसका युवा नेता प्रदीप पौडेल**

## ३४ औं फियन डे भब्यताका साथ सम्पन्न

नेपाल वित्तीय सस्था कर्मचारी संघको ३४ औं वार्षिकोत्सव (फियन डे) चैत्र २२ गते विभिन्न कार्यक्रम गरी भब्यताकासाथ सम्पन्न भएको छ । उक्त अवसरमा नेपाल वित्तीय सस्था कर्मचारी संघ राष्ट्रिय समितिद्धारा आयोजित प्रभातफेरी कार्यक्रममा फियन सञ्चय कोषबाट उल्लेखनीय सहभागिता रहेको थियो साथै यस संघले संघको कार्यालय ठमेलमा आयोजना गरेको चियापान तथा शुभकामना आदान-प्रदान कार्यक्रममा उच्च व्यवस्थापन, शुभेच्छुक तथा संघमा आवद्ध कर्मचारी साथीहरूको सहभागिता रहेको थियो ।

## कार्यबाहक अध्यक्षको जिम्मेवारी बल बहादुर कुँवरलाई

नेपाल वित्तीय संस्था कर्मचारी संघ,कर्मचारी सञ्चय कोषको कार्यवाहक अध्यक्षको जिम्मेवारी बल बहादुर कुँवरलाई दिईएको छ । नेपाल वित्तीय संस्था कर्मचारी संघ को अध्यक्ष श्री बद्रीराज खड्काको कोषको प्रबन्धक (तह-८) पदमा पदोन्नति भएसँगै केन्द्रीय समितिको २०८१ भाद्र ९ गतेको पूर्ण बैठकले वरिष्ठ उपाध्यक्ष श्री बल बहादुर कुँवर लाई सर्वसम्मत रूपमा कार्यवाहक अध्यक्ष को जिम्मेवारी प्रदान गरिएको हो । उहाँ ११ औं अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा झण्डै दुई तिहाई मतका साथ उक्त पदमा निर्वाचित हुनुभएको थियो ।

# सञ्चयकोष कर्मचारी संगठन

ट्रेड युनियन ऐन २०७९ बमोजिम वि. सं. २०५१ साल वैशाख २६ गते विधिवत रूपमा सञ्चयकोष कर्मचारी सङ्घको नाममा दर्ता भई अनवरत रूपमा कर्मचारीको हकहितमा समर्पित रही आएको यो संगठन २०७५ फागुनबाट सञ्चयकोष कर्मचारी संगठनको रूपमा क्रियाशील रहेको छ ।

## प्रमुख गतिविधिहरू

### १. नियमित बैठक तथा छलफल

संगठनको हालसम्म केन्द्रीय कमिटीको बैठक ५० पटक र सचिवालय बैठक ५३ पटक सम्पन्न भएको छ । यसका अतिरिक्त शाखा, विभाग तथा क्षेत्रीय कमिटीका बैठकहरू आवश्यकताअनुसार बसी हरेक तहका बैठकहरूले संस्था एवं कर्मचारीहरूको हकहितका विषयमा छलफल गरी विभिन्न निर्णयहरू गर्न सफल भएको छ ।

### २. पिकनिक कार्यक्रम आयोजना

संगठनले आम कर्मचारीहरूको पुनर्ताजगीकरण तथा सामाजिकीकरण गर्ने मूल उद्देश्य राखी पिकनिक कार्यक्रम आयोजना गरेको थियो । सो कार्यक्रममा करिब १५० जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

### ३. कार्यवाहक अध्यक्षको जिम्मेवारी डम्मरा देवी अर्याललाई

संगठनका अध्यक्ष श्री धर्मराज मैनालीज्यू मिति २०८१ श्रावण १५ गते अनिवार्य अवकाशमा जाने हुनु भएकाले २०८१ श्रावण १ गतेबाट लागु हुने गरी संगठनको केन्द्रीय कमिटीले वरिष्ठ उपाध्यक्ष श्री डमरादेवी अर्याललाई कार्यवाहक अध्यक्षका रूपमा चयन गरेको छ ।

### ४. शाखा भ्रमण तथा अन्तरक्रिया

बिभिन्न समयमा संगठनको केन्द्रीय कमिटीको तर्फबाट कोषका सम्पूर्ण शाखा कार्यालयहरूको भ्रमण गरी त्यहाँ रहनु भएका कर्मचारीहरूसँग अन्तरक्रिया सम्पन्न गरियो । अन्तरक्रियाका क्रममा उठेका विविध विषयहरूको प्रतिवेदन तयार गरी व्यवस्थापन समक्ष प्रस्तुत गरिसकेको छ ।

### ५. सेवा सुविधा पुनरावलोकनमा जोड

गत वर्ष ट्रेड युनियन र व्यवस्थापनको सहभागितामा गठित सेवा सुविधा पुनरालोकन समितिमा भएका समझदारीहरूलाई अक्षरांशः कार्यान्वयनका लागि संगठनले पटक पटक उच्च व्यवस्थापनको ध्यानाकर्षण गराएको छ ।



## ६. केन्द्रीय अधिवेशनको तयारी

संगठनले २०८१ असोज ४ र ५ गते केन्द्रीय महाधिवेशनको मिति घोषणा गरी यसको तयारीलाई तीव्र बनाएको छ । माथिल्लो छाता संगठनको निर्णय बमोजिम विभिन्न तालिम, गोष्ठी, सेमिनार, छलफलमा सहभागी भई यसबाट प्राप्त ज्ञानलाई केन्द्रीय कमिटीमा प्रस्तुत गरी कोष र कोषका कर्मचारीको हितमा उपयोग गर्ने प्रयास गर्दै आएको छ ।

कोषले ६३ औँ वार्षिकोत्सव मनाइरहँदा सञ्चयकोष कर्मचारी संगठन कोषलाई यो उचाइसम्म ल्याई पुऱ्याउन योगदान गर्ने समस्त सञ्चयकर्ता, योगदानकर्ता, नेपाल सरकार, सञ्चालक समिति, समकक्षी ट्रेड युनियन तथा कोषका सम्पूर्ण कर्मचारीको योगदानलाई उच्च सम्मान गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछ । साथै यो संगठन आगामी दिनमा कोष र कर्मचारीहरूको हितमा अझ दृढ र सशक्त भूमिकामा सदैव क्रियाशील रहने प्रण गर्दछ ।

### संगठनको विधानको धारा ४९(३) बमोजिम निम्नानुसार गठन भएको केन्द्रीय कमिटी

| | | |
|---|---|---|
| कार्यबाहक अध्यक्ष | : | श्री डम्मरादेवी अर्याल |
| उपाध्यक्ष | : | श्री उत्तम घिमिरे |
| उपाध्यक्ष | : | श्री राजन कुमार रायमाझी |
| महासचिव | : | श्री कृष्णप्रसाद अधिकारी |
| सचिव | : | श्री गोपालकृष्ण सुवेदी |
| सचिव | : | श्री श्यामलाल श्रेष्ठ |
| कोषाध्यक्ष | : | श्री टिका लाल श्रेष्ठ |
| सह-कोषाध्यक्ष | : | श्री नविन सिं रावल |
| सदस्यहरू | : | श्री योगेन्द्र मैनाली |
| | | श्री रामचन्द्र घिमिरे |
| | | श्री प्रभाकर धिताल |
| | | श्री केदार धिताल |
| | | श्री बाबुराम गन्धर्व |
| | | श्री सरस्वति परियार |
| | | श्री ललिता पाण्डे |
| | | श्री रूक्मणी ठकुरी |
| | | श्री रामवृक्ष साह कानू |
| | | श्री नगेन्द्र पुलामी मगर |
| | | श्री विश्वराज भण्डारी |
| | | श्री ईश्वरी पराजुली |
| | | श्री किरण ज्ञवाली |
| | | श्री अरूण कुमार झा |
| | | श्री सुस्ता वाग्ले |

केन्द्रीय सभा

| | | |
|---|---|---|
| सभापति | : | श्री प्रकाश बस्नेत |
| उप-सभापति | : | श्री लिली अर्याल दाहाल |






# नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन

संस्थागत सुशासन, पेसाको सुरक्षा, कर्मचारी हकहितको रक्षा र परिवर्तनलाई संस्थागत गर्ने काम कुनै पनि संघ संस्थामा त्यसको व्यवस्थापन, कर्मचारी वर्ग र ट्रेड युनियनहरूको बहु-आयामिक संयोजनबाट मात्र सम्भव हुन सक्छ भन्ने सार्वभौम व्यवस्थापकीय मान्यता हो । ट्रेड युनियनलाई व्यवस्थापनको तेस्रो आँखा र सरकारको पाँचौं अङ्गका रूपमा लिइन्छ ।

कर्मचारी सञ्चय कोषमा क्रियाशील ट्रेड युनियनहरूमध्ये नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन (ने.रा.क.स.) पछिल्लो समय देशमा भएको राजनीतिक परिवर्तनसँगै उदाएको संगठन हो । वि.सं. २०६४ मा श्रम कार्यालयमा विधिवत् दर्ता भई सम्वत् २०७८ साउन १५ गते पुनर्स्थापित भएको यो संगठनले कर्मचारीहरूका पेसागत हक र सेवाको सुरक्षा, व्यावसायिक तथा प्रतिस्पर्धी क्षमता विकास र सेवा सुविधामा सामयिक सुधारको निम्ति राजनीतिक र सांगठनिक लबिङ्ग गरी कोषको दिगो भविष्यलाई केन्द्रमा राखी आफ्ना गतिविधिहरूलाई अगाडि बढाइरहेको छ ।

नेपालको संविधान, अन्तर्राष्ट्रिय श्रम संगठन, मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, ट्रेड युनियन ऐन, २०४९, श्रम ऐन, २०७४ लगायत संस्थागत तथा कानूनी व्यवस्थाबाट निर्देशित भइ आफ्नो संगठनको नीति, विधान र कार्ययोजना अनुसार संगठन सम्पूर्ण कर्मचारीकोबीचमा क्रियाशील रहँदै आएको छ ।

असमानता, विभेद र पुरातनवादी सोचका विरुद्ध समानता, सहअस्तित्व र सहकार्यको भावनाका साथ समकक्षी ट्रेड युनियनहरूसँग स्वस्थ प्रतिस्पर्धा गरी आफ्ना सांगठनिक गतिविधि अघि बढाउने, कर्मचारीहरूको सेवा सुविधामा सामयिक सुधार गराउन, कर्मचारीहरूको पेसागत हकको रक्षा र सेवाको सुरक्षा, उच्च मनोबलका साथ कार्य गर्न सक्ने वातावरण निर्माण गर्न व्यवस्थापनसँग निरन्तर पहल र खबरदारी गर्ने





संगठनको नीति रहेको छ ।

वि.सं. २०८० जेष्ठ ५ र ६ गते भक्तपुरमा सम्पन्न चौथो महाधिवेशनबाट संगठनका संस्थापक अध्यक्ष श्री शंकरप्रसाद अर्यालको संरक्षकत्व र श्री रामहरि गौतमको अध्यक्षतामा २१ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरिएको छ । साथै, संगठनको विधानबमोजिम सल्लाहकार समिति, केन्द्रीय सभा, शाखा कार्यालयगत समिति र अन्य विषयगत उपसमितिहरूको समेत सांगठनिक संरचना निर्माण गरिएको छ ।

कोषका सातवटै प्रदेशस्थित कार्यालयहरूमा यथासम्भव केन्द्रीय समिति सदस्यको प्रतिनिधित्व हुने गरी शाखा समितिलाई प्रभावकारी बनाइएको छ ।

## संगठनको तर्फबाट यस वर्षभित्र सञ्चालन भएका महत्वपूर्ण गतिविधिहरू

- कोषले प्रदान गर्दै आएको सामाजिक कार्य सापटी र मर्मत सापटीको ब्याज आम्दानी र वार्षिक औषधोपचार रकममा लाग्दै आएको कर खारेज गर्न यस संगठनको तर्फबाट उच्च अदालत पाटनमा रिट दायर गरिएकोमा सो सम्बन्धमा अन्तिम फैसला गर्दै सम्मानित उच्च अदालतको आदेशद्वारा २०८० फागुनदेखि उक्त व्याज आमदानीमा लाग्दै आएको कर खारेज हुनुका साथै कर्मचारीहरूको वार्षिक औषधोपचार खर्चवापतको रकममा लाग्दै आएको कर खारेज भएको । उक्त ऐतिहासिक फैसलाबाट सम्पूर्ण कर्मचारी वर्गमा उल्लेख्य आर्थिक लाभ हुन गएको ।
- कोषमा कार्यरत सहायक कर्मचारीहरूका लागि वैदेशिक तालिमको अवसर प्रदान गर्ने संगठनको लामो समयदेखिको प्रयास सफल भएको तथा गत आ.व. देखि सो कार्यको सुरूवात भएको ।

- हरितालिका (तीज), दशैं, तिहार, छठलगायत राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गरिएको ।
- कर्मचारीहरूमा पठन संस्कृतिको विकास र अध्ययनशीलता अभिवृद्धिका लागि संगठनको पहलमा स्थापना भएको पुस्तकालयमा नयाँ करिब १००० पुस्तकहरु थप गरिएको र वि.सं. २०८० भाद्रदेखि २०८१ भाद्रसम्म विभिन्न समयमा ५०६६ पटक पुस्तकहरु ईस्यु गरिएको, कोषको आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षामा सहभागी करिब २५० कर्मचारीहरु लाभान्वित भएको । ई-लाईब्रेरी बनाउन पहल भइरहेको । संगठनको केन्द्रीय कार्यालयभित्र अध्ययन कक्ष निर्माण गरी सोको स्तरोन्नतिको कार्य भइरहेको ।
- राष्ट्रिय प्रतिभा सम्मान- २०८० कार्यक्रम अन्तर्गत देशकै बहुचर्चित हास्यकलाकार, बहुमुखी प्रतिभाका धनी, सञ्चयकोषका पूर्व कर्मचारी श्री मदनकृष्ण श्रेष्ठलाई संगठनको तर्फबाट कोष व्यवस्थापन र कोषका प्रशासक समेतको उपस्थितिमा कदरपत्रसहित सम्मान गरिएको । साथै कोषका प्रवन्धक श्री त्रिविक्रम पाण्डेको नयाँ कृति "ती नयन शराबी" को समेत सोही कार्यक्रममा लोकार्पण गरिएको ।
- कर्मचारीहरूको सरुवा, नियुक्ति र पदस्थापनको सन्दर्भमा समान र न्यायपूर्ण ढङ्गले सरुवा प्रणाली व्यवस्थित गर्न व्यवस्थापनसँग निरन्तर खबरदारी गरी सो सम्बन्धमा सकारात्मक उपलब्धि हासिल हुँदै गएको ।
- नेपाल राष्ट्रिय कर्मचारी महासंघ, नेपाल राष्ट्रिय कर्मचारी संगठन, बैंक तथा वित्तीय संस्था राष्ट्रिय समिति लगायत अन्य केन्द्रीय तथा प्रादेशिक स्तरका पेसागत संघ संस्थासँगको आवद्धतालाई थप सशक्त बनाउँदै लगिएको । महत्वपूर्ण जिम्मेवारीमा रही त्यस्ता संस्थामा संगठनको तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह हुँदै आएको ।




- कोष र कर्मचारीको हित रक्षा तथा पेसागत सुरक्षा र संस्थागत सुशासनका लागि समकक्षी ट्रेड युनियनहरूसँग सामूहिक तथा द्विपक्षीय छलफल गरी व्यवस्थापन समक्ष एकल तथा संयुक्त रूपमा निरन्तर पहल गरिएको ।
- कर्मचारी सेवा सुविधा, सञ्चयकोष तथा निवृत्तभरण कोषलाई स्थायी रूपमै एउटै छानोमुनिबाट सञ्चालन गर्ने व्यवस्थाका लागि कोष व्यवस्थापनसँग पटक पटक छलफल र कार्यान्वयनका लागि मागपत्र पेस गरी दबाबमूलक कार्यहरु निरन्तर गरिएको ।

## अन्य सांगठनिक सञ्जाल सम्बन्धी गतिविधि

संगठनले कर्मचारी सञ्चयकोष भन्दा बाहिर अन्य संस्थाहरूमा भएका ट्रेड युनियन अभ्यास, सूचनाहरूको आदानप्रदान, ज्ञानको प्राप्ति, हस्तान्तरण र सांगठनिक सिकाइको आवश्यकता र महत्वलाई दृष्टिगत गरी सांगठनिक सञ्जालको विकास र विस्तारसम्बन्धी गतिविधि गर्दै आएको छ ।

यस सम्बन्धमा हाल संगठनको तर्फबाट तपसिल बमोजिमको प्रतिनिधित्व रहेको ।

| संस्थाको नाम | प्रतिनिधि |
|---|---|
| WFTU को नेपाल च्याप्टर अन्तर्गत युवा समिति | श्री रामहरि गौतम |
| नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन (महासंघ) | श्री रामहरि गौतम |
| नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन बैंक तथा वित्तीय संस्था (राष्ट्रिय समिति) | श्री सी. बी. खड्का (उपाध्यक्ष)<br>श्री अमरकुमार वि.क. (महासचिव)<br>श्री कृष्णप्रसाद अधिकारी (सदस्य) |
| नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन बैंक तथा वित्तीय संस्था (बागमती प्रदेश कमिटी) | श्री राजु श्रेष्ठ (कोषाध्यक्ष) |

## आ.व. २०७९/८० को विज्ञापन अनुसार आन्तरिक प्रतियोगिताबाट बढुवा हुनुभएका कर्मचारीहरू

| क्र.सं. | बढुवा भएको पद | तह | कर्मचारीको नाम थर | बढुवा निर्णय मिति |
|---|---|---|---|---|
| १ | प्रबन्धक | आठौं तह | अर्पणा बस्नेत | २०८१।०२।३२ |
| २ | प्रबन्धक | आठौं तह | कुशुम लामा योञ्जन | २०८१।०२।३२ |
| ३ | उपप्रबन्धक | सातौं तह | रमा अधिकारी | २०८१।०२।३२ |
| ४ | उपप्रबन्धक | सातौं तह | गोपाल कृष्ण सुवेदी | २०८१।०२।३२ |
| ५ | उपप्रबन्धक | सातौं तह | एकता बस्ताकोटी | २०८१।०२।३२ |
| ६ | उपप्रबन्धक | सातौं तह | रमा कार्की | २०८१।०२।३२ |
| ७ | उपप्रबन्धक (कानून) | सातौं तह | बल बहादुर कुँवर | २०८१।०२।३२ |
| ८ | उपप्रबन्धक (वित्त विश्लेषक) | सातौं तह | दुर्गा बस्नेत | २०८१।०२।३२ |
| ९ | सहायक प्रबन्धक | छैटौं तह | मोहन प्रसाद ढउन्या | २०८१।०२।३२ |
| १० | सहायक प्रबन्धक | छैटौं तह | रूपराज शर्मा | २०८१।०२।३२ |
| ११ | सहायक प्रबन्धक | छैटौं तह | प्रदिप मरासिनी | २०८१।०२।३२ |
| १२ | सहायक प्रबन्धक | छैटौं तह | अमर कुमार बि.क. | २०८१।०२।३२ |
| १३ | सहायक प्रबन्धक | छैटौं तह | सविता अर्याल | २०८१।०२।३२ |
| १४ | सहायक प्रबन्धक | छैटौं तह | कमला चौधरी | २०८१।०२।३२ |
| १५ | सहायक प्रबन्धक | छैटौं तह | सुशिला भट्टराई | २०८१।०२।३२ |
| १६ | सहायक प्रबन्धक | छैटौं तह | विमल कट्वाल | २०८१।०२।३२ |
| १७ | सहायक प्रबन्धक | छैटौं तह | मोहन काफ्ले | २०८१।०२।३२ |
| १८ | सहायक प्रबन्धक | छैटौं तह | नविन सिंह रावल | २०८१।०२।३२ |

## आ.व. २०७८/७९ को विज्ञापन अनुसार खुला/समावेशी प्रतियोगिताबाट नियुक्त हुनुभएका कर्मचारीहरू

| क्र.सं. | नियुक्ति भएको पद | तह | कर्मचारीको नाम थर | नियुक्ति मिति |
|---|---|---|---|---|
| १ | सहायक प्रबन्धक | छैटौं | सुवाश पौडेल | २०८०।०७।१७ |
| २ | प्रमुख सहायक | पाँचौं | आयुष दाहाल | २०८१।०३।१९ |
| ३ | सहायक | चौथो | गीता कुमारी साह | २०८१।०१।१८ |

## आ.व. २०७९/८० को विज्ञापन अनुसार खुला/समावेशी प्रतियोगिताबाट नियुक्त हुनुभएका कर्मचारीहरू

| क्र.सं. | नियुक्ति भएको पद | तह | कर्मचारीको नाम थर | नियुक्ति मिति |
|---|---|---|---|---|
| १ | प्रबन्धक (सूचना प्रविधि) | आठौं | नरेन्द्र बहादुर बोहरा | २०८१।०३।०९ |
| २ | उप प्रबन्धक | सातौं | रूकमणी ठकुरी | २०८१।०३।०९ |
| ३ | उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट) | सातौं | केशव अधिकारी | २०८१।०३।०९ |

| क्र.सं. | नियुक्ति भएको पद | तह | कर्मचारीको नाम थर | नियुक्ति मिति |
|---|---|---|---|---|
| ४ | उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट) | सातौं | सुनिता स्याङ्तान लामा | २०८१।०३।०९ |
| ५ | उप प्रबन्धक (वित्त विश्लेषक) | सातौं | सुजन सिंह कार्की | २०८१।०३।०९ |
| ६ | उप प्रबन्धक (वित्त विश्लेषक) | सातौं | रोमन कुमार श्रेष्ठ | २०८१।०३।०९ |
| ७ | सहायक प्रबन्धक | छैटौं | मोहन राज कडेल | २०८१।०३।०९ |
| ८ | सहायक प्रबन्धक | छैटौं | सुनिल शर्मा | २०८१।०३।०९ |
| ९ | सहायक प्रबन्धक | छैटौं | पवन दाहाल | २०८१।०३।०९ |
| १० | सहायक प्रबन्धक | छैटौं | सचिता घिमिरे | २०८१।०३।०९ |
| ११ | सहायक प्रबन्धक | छैटौं | सचिन सापकोटा | २०८१।०३।०९ |
| १२ | सहायक प्रबन्धक | छैटौं | प्रवेश आचार्य | २०८१।०३।०९ |
| १३ | सहायक प्रबन्धक | छैटौं | सरोज बस्नेत | २०८१।०३।०९ |
| १४ | सहायक प्रबन्धक | छैटौं | धनमाया पाण्डेय | २०८१।०३।०९ |
| १५ | सहायक प्रबन्धक | छैटौं | दुर्गा प्रसाद नेपाल | २०८१।०३।०९ |
| १६ | सहायक प्रबन्धक | छैटौं | सुस्मा थापा | २०८१।०३।०९ |
| १७ | सहायक प्रबन्धक | छैटौं | प्रेम प्रसाद भण्डारी | २०८१।०३।०९ |
| १८ | सहायक प्रबन्धक | छैटौं | गेहेन्द्र भुषण ढुंगेल | २०८१।०३।०९ |
| १९ | सहायक प्रबन्धक | छैटौं | सोनिया तण्डुकार | २०८१।०३।०९ |
| २० | सहायक प्रबन्धक | छैटौं | नीलु कुमारी कर्ण | २०८१।०३।०९ |
| २१ | सहायक प्रबन्धक | छैटौं | तारा कुमारी शाह | २०८१।०३।०९ |
| २२ | सहायक प्रबन्धक | छैटौं | मिरा पुरी | २०८१।०३।०९ |
| २३ | सहायक प्रबन्धक | छैटौं | मकुन्देव चौधरी | २०८१।०३।०९ |
| २४ | सहायक प्रबन्धक | छैटौं | अनिता श्रेष्ठ | २०८१।०३।०९ |
| २५ | सहायक प्रबन्धक | छैटौं | बबिता फुलारा | २०८१।०३।०९ |
| २६ | सहायक प्रबन्धक | छैटौं | आरती राना श्रेष्ठ | २०८१।०३।०९ |
| २७ | सहायक प्रबन्धक | छैटौं | राज कुमार शाही | २०८१।०३।०९ |
| २८ | सहायक प्रबन्धक | छैटौं | टिका लाल श्रेष्ठ | २०८१।०३।०९ |
| २९ | सहायक प्रबन्धक | छैटौं | राम कुमार मंडल | २०८१।०३।०९ |
| ३० | सहायक प्रबन्धक | छैटौं | रामकृष्ण नन्दन सिंह | २०८१।०३।०९ |
| ३१ | सहायक प्रबन्धक(कानून) | छैटौं | सुनिल प्रजापति | २०८१।०३।०९ |
| ३२ | सहायक प्रबन्धक( सिष्टम) | छैटौं | टेकेन्द्र नाथ योगी | २०८१।०३।०९ |
| ३३ | सहायक प्रबन्धक (कम्प्युटर ईन्जिनियर) | छैटौं | प्रतिभा शाह | २०८१।०३।०९ |
| ३४ | सहायक प्रबन्धक (कम्प्युटर ईन्जिनियर) | छैटौं | चुडामणी अवस्थी | २०८१।०३।०९ |
| ३५ | सहायक प्रबन्धक (कम्प्युटर ईन्जिनियर) | छैटौं | ऋतु मिश्र | २०८१।०३।०९ |
| ३६ | सहायक प्रबन्धक (सिभिल ईन्जिनियर) | छैटौं | विवेक आचार्य | २०८१।०३।०९ |
| ३७ | प्रमुख सहायक | पाँचौं | कुसुम पौडेल | २०८१।०३।०९ |
| ३८ | प्रमुख सहायक | पाँचौं | दिनेश महतो | २०८१।०३।०९ |
| ३९ | प्रमुख सहायक | पाँचौं | शंकर कुमार चौधरी | २०८१।०३।०९ |

## आ.व. २०८०/८१ को विज्ञापन अनुसार कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा हुनुभएका कर्मचारीहरू

| क्र.सं. | बढुवा पद | बढुवा तह | कर्मचारीको नामथर | बढुवा मिति |
|---|---|---|---|---|
| १ | मुख्य प्रबन्धक | दशौं | सुवाष खड्का | २०८१।०३।२८ |
| २ | वरिष्ठ प्रबन्धक | नवौं | शशि कुमार देवकोटा | २०८१।०३।२८ |
| ३ | वरिष्ठ प्रबन्धक | नवौं | रवि तामाङ | २०८१।०३।२८ |
| ४ | वरिष्ठ प्रबन्धक | नवौं | रामचन्द्र पोखरेल | २०८१।०३।२८ |
| ५ | प्रबन्धक | आठौं | उमेश प्रसाद सुवेदी | २०८१।०३।२८ |
| ६ | प्रबन्धक | आठौं | बद्रिराज खड्का | २०८१।०३।२८ |
| ७ | प्रबन्धक | आठौं | कृष्ण प्रसाद शर्मा | २०८१।०३।२८ |
| ८ | प्रबन्धक | आठौं | योगेन्द्र मैनाली | २०८१।०३।२८ |
| ९ | प्रबन्धक | आठौं | दिनेश बास्कोटा | २०८१।०३।२८ |
| १० | प्रबन्धक (सूचना प्रविधि) | आठौं | जेनी महर्जन | २०८१।०३।२८ |
| ११ | उपप्रबन्धक | सातौं | रामकृष्ण महर्जन | २०८१।०३।२८ |
| १२ | उपप्रबन्धक | सातौं | दिलेन्द्र प्रधान | २०८१।०३।२८ |
| १३ | उपप्रबन्धक | सातौं | रामहरि सिलवाल | २०८१।०३।२८ |
| १४ | उपप्रबन्धक | सातौं | पवित्रा न्यौपाने | २०८१।०३।२८ |
| १५ | उपप्रबन्धक | सातौं | अशोक रायमाभ्री | २०८१।०३।२८ |
| १६ | उपप्रबन्धक | सातौं | विकास भट्टराई | २०८१।०३।२८ |
| १७ | उपप्रबन्धक | सातौं | कृष्ण प्रसाद अधिकारी | २०८१।०३।२८ |
| १८ | उपप्रबन्धक | सातौं | गौरी शंकर मल्लिक | २०८१।०३।२८ |
| १९ | उपप्रबन्धक (कानून) | सातौं | पवित्रा कुमारी थापा | २०८१।०३।२८ |
| २० | उपप्रबन्धक (सूचना प्रविधि) | सातौं | टक बहादुर श्रेष्ठ | २०८१।०३।२८ |
| २१ | सहायक प्रबन्धक | छैटौं | वेद प्रकाश रावल | २०८१।०३।२८ |
| २२ | सहायक प्रबन्धक | छैटौं | रामचन्द्र घिमिरे | २०८१।०३।२८ |
| २३ | सहायक प्रबन्धक | छैटौं | पवित्रा पन्थी | २०८१।०३।२८ |
| २४ | सहायक प्रबन्धक | छैटौं | बालकुमारी अधिकारी (दाहाल) | २०८१।०३।२८ |
| २५ | सहायक प्रबन्धक | छैटौं | मोहन कुमार थापा | २०८१।०३।२८ |
| २६ | सहायक प्रबन्धक | छैटौं | करूणा पुडासैनी | २०८१।०३।२८ |
| २७ | सहायक प्रबन्धक | छैटौं | संगिता लुईटेल | २०८१।०३।२८ |
| २८ | प्रमुख सहायक | पाचौं | खुमकान्त भण्डारी | २०८१।०३।२८ |
| २९ | प्रमुख सहायक | पाचौं | मन्जिना गिरी | २०८१।०३।२८ |

## कोषको ६३औं वार्षिकोत्सवको उपलक्ष्यमा १५ वर्षे सेवा पदक तथा पुरस्कार प्राप्त गर्नु हुने कर्मचारीको विवरण

| क्र.सं. | हालको पद | कर्मचारीको नाम थर | नियुक्ति मिति |
|---|---|---|---|
| १ | प्रशासक | जितेन्द्र धिताल | २०६५।१०।२६ |
| २ | का.मु. मुख्य प्रबन्धक | दर्शन भट्टराई | २०६६।०१।०७ |
| ३ | प्रबन्धक | उमेश प्रसाद सुवेदी | २०६५।०६।०६ |
| ४ | प्रबन्धक | कृष्ण प्रसाद शर्मा | २०६६।०५।२९ |
| ५ | उप प्रबन्धक (सूचना प्रविधि) | सुरेश हमाल | २०६५।०६।०६ |
| ६ | उप प्रबन्धक | शितल बाबु खत्री | २०६५।०६।०६ |
| ७ | उप प्रबन्धक | मनोज लामिछाने | २०६५।०६।०६ |
| ८ | उप प्रबन्धक (सूचना प्रविधि) | निर्मला शर्मा | २०६५।०६।०६ |
| ९ | उप प्रबन्धक (सूचना प्रविधि) | दिनेश डंगोल | २०६५।०६।०६ |
| १० | उप प्रबन्धक | राजेन्द्र विक्रम केसी | २०६५।०६।०६ |
| ११ | उप प्रबन्धक (सिष्टम) | टक बहादुर श्रेष्ठ | २०६५।०६।०६ |
| १२ | सहायक प्रबन्धक (सिष्टम) | प्रकाश बस्नेत | २०६५।०६।०६ |
| १३ | सहायक प्रबन्धक | भगवान दाहाल | २०६५।०६।०६ |
| १४ | सहायक प्रबन्धक | कृष्ण गिरी | २०६५।०६।०६ |

## आ.व. २०८०/८१ मा अनिवार्य अवकाश भएका कर्मचारीहरूको विवरण

| क्र.सं. | अवकाश हुँदाको पद | तह | कर्मचारीको नामथर | अवकाश मिति |
|---|---|---|---|---|
| १ | उप प्रबन्धक | सातौं | प्रकाश राज पाण्डे | २०८०।०८।०७ |
| २ | सहायक प्रबन्धक | छैटौं | मिना श्रेष्ठ | २०८०।१०।०८ |
| ३ | उप प्रबन्धक | सातौं | देव कृष्ण श्रेष्ठ | २०८०।१०।०९ |
| ४ | सहायक प्रबन्धक | छैटौं | सन्तुन कायस्थ | २०८०।१०।१४ |
| ५ | उप प्रबन्धक | सातौं | दिपक खनाल | २०८०।१०।१९ |
| ६ | प्रमुख सहायक (अन्य) | पाँचौं | गणेश बहादुर शाह | २०८०।११।१५ |
| ७ | उप प्रबन्धक(सिभिल इन्जिनियर) | सातौं | नरेन्द्र बहादुर चन्द | २०८०।११।१६ |
| ८ | उप प्रबन्धक | सातौं | गोविन्द राज थापा | २०८०।११।२१ |
| ९ | प्रमुख सहायक (अन्य) | पाँचौं | शिवहरि लामिछाने | २०८१।०१।१४ |
| १० | सहायक प्रबन्धक | छैटौं | गायत्री लामिछाने | २०८१।०१।१५ |
| ११ | वरिष्ठ प्रबन्धक | नवौं | तेज प्रसाद खनाल | २०८१।०१।१६ |
| १२ | उप प्रबन्धक | सातौं | राजु श्रेष्ठ | २०८१।०३।०३ |
| १३ | वरिष्ठ प्रबन्धक | नवौं | कमल अर्याल | २०८१।०३।२८ |

## आ.व. २०८१/८२ को श्रावण १ देखि भाद्र ३१ गतेसम्म मा अनिवार्य अवकाश भएका कर्मचारीहरूको विवरण

| क्र.सं. | अवकाश हुँदाको पद | तह | कर्मचारीको नामथर | अवकाश मिति |
|---|---|---|---|---|
| १ | उप प्रबन्धक(कानून) | सातौं | धर्मराज मैनाली | २०८१।०४।१५ |
| २ | प्रबन्धक | आठौं | मन्जु भण्डारी | २०८१।०४।१८ |
| ३ | प्रमुख सहायक(अन्य) | पाँचौं | रघुनाथ कार्की | २०८१।०५।०५ |
| ४ | का.मु. वरिष्ठ प्रबन्धक | आठौं | हरि कृष्ण कार्की | २०८१।०५।१० |
| ५ | प्रमुख सहायक(अन्य) | पाँचौं | प्रभाकर घिताल | २०८१।०५।२७ |

## आ.व. २०८०/८१ तथा आ.व. २०८१/८२ को भाद्र मसान्तसम्म स्वेच्छिक अवकाश लिएका कर्मचारीहरूको विवरण

| क्र.सं. | अवकाश हुँदाको पद | तह | कर्मचारीको नामथर | अवकाश मिति |
|---|---|---|---|---|
| १ | सहायक प्रबन्धक | छैटौं | रछाने लोहार | २०८०।०४।१३ |
| २ | सहायक | चौथों | नारायण खनाल | २०८०।०५।११ |
| ३ | सहायक प्रबन्धक | छैटौं | अनिल सिँह विष्ट | २०८०।०८।११ |
| ४ | उप प्रबन्धक | सातौं | विनय कृष्ण डंगोल | २०८०।०९।२० |
| ५ | प्रमुख सहायक | पाँचौं | गंगा बस्याल | २०८०।११।०२ |
| ६ | सहायक | चौथों | विवेक मिश्र | २०८०।१२।२५ |
| ७ | वरिष्ठ प्रबन्धक (सूचना प्रविधि) | नवौं | आदर्श भट्टराई | २०८१।०४।०२ |

## SEE परीक्षा उत्तीर्ण कोषका कर्मचारीका सन्ततिहरू

छोरातर्फ

| क्र.सं. | सन्ततिको नामथर | SEE GPA | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | युनिश श्रेष्ठ | 3.72 | युवराज श्रेष्ठ | प्रबन्धक |
| २ | रेवन्त श्रेष्ठ | 3.70 | रोचन श्रेष्ठ | मुख्य प्रबन्धक |
| ३ | वरदान सुवेदी | 3.64 | कल्पना बराल | उप प्रबन्धक |
| ४ | सामयोङ गुरूङ | 3.54 | नरेन्द्र गुरूङ | उप प्रबन्धक |

छोरीतर्फ

| क्र.सं. | सन्ततिको नामथर | SEE GPA | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | कृष्मा पोखेल | 3.96 | कृष्ण प्रसाद शर्मा | प्रबन्धक |
| २ | अनिशा कुमारी | 3.71 | सुरेन्द्र कुमार यादव | प्रमुख सहायक |
| ३ | प्रतिष्ठा पौडेल | 3.61 | नवराज पौडेल | वरिष्ठ प्रबन्धक |

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोष ६३औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहँदै कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## (१) सञ्चयकर्ता विवरण:

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ७५ हजार | ३३ हजार ६ सय |
| निवृत्तभरण कोष | ८० हजार ४ सय | ३ हजार ८ सय |

## (२) आ.व. २०८०/८१ को अनुमानित वित्तीय अवस्था :

| विवरण | सञ्चय कोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कुल लगानी | बचत |
|---|---|---|---|---|---|---|---|
| रकम रू. अर्वमा | ५१८.४८ | ११.२१ | ३५.५१ | ६.१३ | ५७१.३३ | ५५१.५३ | ६.३७ |

## (३) वित्तीय सुविधाहरू:

(क) सञ्चयकर्ता सापटी

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गाखरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९० प्रतिशतसम्म | रू.१ करोडसम्म | रू.४० लाखसम्म | रू.३० लाखसम्म | रू.४० लाखसम्म | रू. १ करोडसम्म |
| ब्याजदर | ६.६० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ८.०० प्रतिशत | ८.०० प्रतिशत |

(ख) ब्याजमा छुट: धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रूपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले ब्याजदरमा छुट दिने व्यवस्था गरिएको ।

(ग) ब्याज तथा मुनाफा : आ.व. २०८०/८१ मा कोष रकममा ब्याजदर ७.५ प्रतिशत
: आ.व. २०८१/८२ मा कोष रकममा ब्याज दर ५.५ प्रतिशत
: मुनाफा: १.१० प्रतिशत(२०७९/८० को शुरू मौज्दातमा)

## (४) सामाजिक सुरक्षा सुविधाहरू:

(क) सञ्चयकर्ता स्वास्थ्य उपचार योजना: सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये साधारण रोगतर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू.. १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवाअवधि भरमा अधिकतम रू.१० लाखसम्म रकम शोधभर्ना गरिने ।

(ख) सुत्केरी तथा शिशु स्याहार योजना: प्रति प्रसूति रू.७,५०० (२ पटकका लागि),

(ग) दुर्घटना क्षतिपूर्ति योजना: सञ्चयकर्ता वा निजको हकवालालाई रू.२ लाखसम्म,

(घ) काजकिरिया अनुदान योजना : हकवालालाई रू.४० हजार ।

## (५) कोषका कार्यालयहरू :

उपत्यकास्थित: पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।

उपत्यका बाहिर: विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा ।

सम्पादन तथा प्रकाशन : योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर ।
फोन नं.: ५०१०१६५, ५०१०१६६